# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९४ | काठमाडौं | बिहीबार, २३ कात्तिक २०८० | Prabhab National Daily | Thursday, November 9, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


भूकम्पको पीडा

## बहिनीको शोक सम्झेर झस्किन्छिन् जुनी



■ रूपनी जिएम

**जानकी (बाँके)–** 'मलाई बहिनीले दिदी बचाउनूस् भनिरहिन् । म आफैं भूकम्पमा पुरिएकी थिएँ । मेरो सास रोकिएको थियो । म बोल्नै र हलचल गर्न सकिरहेकी थिइनँ । मैले टुलुटुलु हेर्नुबाहेक केही गर्न सकिनँ । मैले उनलाई बचाउन सकिनँ । मैले बहिनीलाई मेरै कारणले गुमाएँ' भन्दै चित्कारिएको आवाजले मंगलबार नेपालगञ्जस्थित भेरी अस्पतालको वार्ड स्तब्ध थियो ।

आफ्नो साथीजस्तै बहिनी गुमाएको पीडामा होस फर्किएदेखि छट्पटाउने गर्छन् जाजरकोट भेरी नगरपालिका-१ की जुनी विष्ट । शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पमा जुनीले बहिनीमात्रै गुमाइनन्, आफैं पनि घाइते बनेकी छन् ।

जुनीको देब्रे हातको नशामा बढी चोट लागेकाले देब्रे हात चल्दैन । खुट्टा उपचार भएको चौथो दिनदेखि बिस्तारै चल्न थालेको छ तर हिँड्डुल गर्न सक्दिनन् । उनलाई अहिले शयचाबाट झर्न र चढ्न सहारा दिनुपर्छ । सुतेकै अवस्थामा पनि शयचामा फर्कनसमेत नसक्ने जुनीलाई बहिनीको शोकले झन् थलाउँदै लगेको छ । भूकम्पमा परेर अर्को जीवन पाएकी १७ वर्षीया जुनी बहिनीलाई बचाउन नसकेकामा आत्मग्लानी भइरहेको बताउँछिन् । शनिबारदेखि भेरी अस्पतालमा उपचाररत जुनी 'बहिनी बचाउन सकिनँ' भन्दै डाँको छाडेर रोइरहन्छिन् ।

अस्पतालकी मनोसामाजिक परामर्शकर्ता कमला डाँगीका अनुसार जुनी उनको रेखदेखमा आएको आफन्तसँग पनि बोल्दिनन् । 'दिनभरि कि सलले मुख छोपेर सुत्नुहुन्छ कि त बहिनी बचाउन नसकेको गुनासो आफैंसँग गर्दै भक्कानिएर रुनुहुन्छ,' उनले भनिन्, 'जुनीलाई शारीरिक चोटभन्दा बढी बहिनीलाई आँखै अगाडि गुमाउनु पर्दाको मानसिक चोट धेरै छ ।'

जुनीलाई भूकम्प केवल आफ्नो घरमा मात्र आएको र भूकम्पमा बहिनीमात्रै पुरिएको भन्ने लागिरहेको मनोसामाजिक परामर्शकर्ता डाँगीले बताइन् । अस्पतालमा भर्ना भएदेखि बुधबारसम्म तीन चरणमा जुनीसँग कुरा गरिसकेको जनाउँदै उनले पहिलो र दोस्रो चरणमा उनी बोल्दै नबोलेको र तेस्रो चरण सामान्य चिनाजानमा मात्रै केन्द्रित रहेको बताइन् ।

डाँगीले भनिन्, 'कुराकानी गर्न लागेको आज तेस्रो दिनमामात्रै उनले मसँग मनमा गुम्सिएका पीडालाई भक्कानिँदै खोल्नुभयो । उहाँलाई आफूलाई लागेको चोटभन्दा पनि धेरै माया गरेर सँगै हुर्किएकी बहिनीलाई गुमाएकामा लागेको रहेछ ।'

(बाँकी पष्ठ २ मा)

# नेता पुगे, राहत पुगेन


- राष्ट्रपति, प्रधानमन्त्रीसहितका नेताहरु भूकम्पको इपिसेन्टर पुगे तर राहत पुग्नै बाँकी
- एक हजार ७०० घरपरिवार राहतको पर्खाइमा
- सुत्केरीहरु खाना खानबाट वञ्चित
- एकद्वार प्रणालीबाट राहत वितरण हुँदा विलम्ब र झञ्झट
- अधिकांश राहत सदरमुकाममै थन्किएको गुनासो

■ जेबी योञ्जन

**काठमाडौं–** हिउँदयाम सुरु भएकाले जाजरकोट सदरमुकाम खलंगामा बिहान बेलुका चिसो छिप्पिँदै गएको छ । यस्तो चिसो मौसममा भूकम्पपीडित चार दिनकी सुत्केरी विमला तिरुवा कस्तुरी स्कुल परिसरको टेण्टमा छिन् । एकातिर जाँडो छल्न उनलाई मुस्किल परिरहेको छ भने अर्कातिर दुई दिनदेखि खाना खान पाएकी छैनन् ।

श्रीमान् रूपेशले ल्याइदिएको समोसा खाँदै बिमलाले भनिन्, 'किनेर खानलाई होटल खुलेको छैन । पकाउनलाई सामान छैन ।' बिमलाको जस्तै समस्या आठ दिनकी सुत्केरी गौरी विकको छ । भेरी नगरपालिका-४ की उनको मुखमा खाना नपरेको तीन दिन भयो । समोसा खाएरै प्राण धानेकी छिन् । उनी भन्छिन्, 'खानलाई खाना छैन । बस्नलाई त के कुरा गर्ने र ?'

सदरमुकाम खलंगामै भूकम्पपीडितको यस्तो पीडादायी स्थिति छ । भूकम्प गएको छ दिन बित्यो । तर, अहिलेसम्म बिमला, गौरीलगायत हजारौं भूकम्पपीडितले राहतस्वरूप खाद्यन्न, भाँडाकुँडालगायत अत्यावश्यक मानवीय सहायता पाउन सकिरहेका छैनन् । जबकि, भूकम्पप्रभावित क्षेत्रमा नेताहरूको घुइँचो नै लाग्यो । भूकम्प गएकै दिन बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल उद्धारका लागि नेपाली सेनाको हेलिकप्टर लिएर पुगे । उद्धार कार्यमा खटिए । त्यसपछि उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालगायत संघीय सरकारका अन्य मन्त्रीहरू पुगे ।



**भूकम्पले दुईवटा घर भत्काएपछि बालबच्चासहित चामलको थैलाको त्रिपाल बनाएर ओत लाग्दै नलगाड नगरपालिका–३ चावलेचौरकी निरुता रानाबुढा ।** *तस्बिर: रासस*

मंगलबार राष्ट्रपति रामचन्द्र पौडेल पनि भूकम्पप्रभावित क्षेत्रको अवलोकनमा पुगे । भूकम्पमा परी घाइते भएकाहरूको जाजरकोट अस्पतालमै दुःखेसो सुने । सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना मगर, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलगायत नेताहरू पनि भूकम्पप्रभावित क्षेत्रमा पुगे । जहाँ पुगेर उद्धार, राहत र पुनःस्थापनाका लागि चर्का कुरा गरे । बुधबारमात्रै कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पुगेका छन् । तर, भूकम्पको 'इपिसेन्टर' रामीडाँडा क्षेत्रमै राहत अभाव छ । रामीडाँडा बारेकोट गाउँपालिकामा पर्छ ।

उक्त गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीका अनुसार करिब एक हजार ७०० घरपरिवारलाई राहत पुगेको छैन । राहत नपुगेका घरपरिवारका मानिसहरू समस्यामा छन् । उनले एकद्वार प्रणालीमार्फत राहत दिने भन्ने संघीय सरकारको निर्णय अव्यावहारिक भएको बताए ।

(बाँकी पष्ठ २ मा)



स्थानीय सरकार हुँदाहुँदै राहत वितरणका लागि एकद्वार प्रणालीको नाममा जिल्ला प्रशासन कार्यालयलाई छुट्टै युनिटजस्तो बनाइयो । यो भनेको स्थानीय सरकारलाई अविश्वास गरेको हो । यही कारण इपिसेन्टरकै भूकम्पपीडित राहतविहीन छन् ।

■ **वीरबहादुर गिरी**
अध्यक्ष, बारेकोट गाउँपालिका



राहत वितरण प्रभावकारी भइरहेकै छ । आर्थिक मामिलामन्त्रीको कमाण्डमा छ जाजरकोट । कसले कसरी राहत पाएन भने ? म कहाँ त्यस्तो गुनासो आएको छैन ।

■ **राजकुमार शर्मा**
मुख्यमन्त्री, कर्णाली प्रदेश



राहत नदोहोरिउन्, पीडितहरु नछुटून् र समानुपातिक ढंगले वितरण होस् भनेर एकद्वार प्रणाली अपनाइएको हो ।

■ **नारायणप्रसाद भट्टराई**
प्रवक्ता, गृह मन्त्रालय

सन्दर्भ : वैदेशिक रोजगार

### स्वीस राजदूत र श्रममन्त्रीबीच भेटवार्ता

## सुरक्षित आप्रवासनलाई थप प्रभावकारी बनाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुरक्षित आप्रवासनको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिरहेको स्वीट्जरल्याण्ड सरकारले नेपाललाई सहयोग गर्न प्रतिबद्ध रहेको बताएको छ । नेपालका लागि स्वीस राजदूत डा. डेनियल मेउली मोन्टेलेनले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग मन्त्रालयमा भएको भेटवार्तामा उक्त प्रतिबद्धता व्यक्त गरेकी हुन् ।

नेपालमा एक दशकभन्दा बढी समयदेखि स्वीस सरकारको सहयोगमा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लगायतका परियोजना सञ्चालित छन् । सामी परियोजनाले नेपालमा आप्रवासन कार्यसम्बन्धी विभिन्न जिल्लामा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूलाई स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनका लागि निःशुल्क सीप विकास तालिम दिँदै आएको छ । साथै, वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई सुरक्षित आप्रवासनसम्बन्धी परामर्श दिने गरेको छ । त्यस्तै वैदेशिक रोजगारबाट प्राप्त भएको कमाइ (विप्रेषण) लाई सदुपयोग गर्न र सही वित्तीय निर्णयहरू लिन सक्षम बनाउने गरी वित्तीय साक्षरता प्रदान गर्दै आएको छ ।



नेपालमा सञ्चालित परियोजना र सुरक्षित आप्रवासनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने विषयमा मन्त्री भण्डारीसँग छलफल भएको मन्त्रालयले जनाएको छ । दुई देशबीचको पारस्पारिक सम्बन्ध र नेपाली श्रमिकका सम्बन्धमा पनि कुराकानी भएको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता डम्बरबहादुर सुनुवारले बताए । 'अहिले शिष्टाचार भेटघाट भए पनि सेफर माइग्रेसनको सन्दर्भमा थप हुनसक्ने सहकार्यका लागि छलफल भयो,' उनले भने ।

राजदूतसँगको भेटमा सुरक्षित आप्रवासनका लागि नेपाललाई स्वीस सरकारको तर्फबाट भइरहेको सहयोगप्रति धन्यवाद दिँदै मन्त्री भण्डारीले आगामी दिनमा अझ प्रभावकारी ढंगले समन्वय र सहकार्य गर्न तत्पर रहेको बताएका थिए ।

## दुर्घटना बिमा गर्न दूतावासको आग्रह

**काठमाडौं (प्रस)–** कोरियाको सिओलस्थित नेपाली राजदूतावासले इपिस प्रणालीअन्तर्गत त्यहाँ कार्यरत श्रमिकहरूलाई आफ्नो बिमा व्यवस्थाका लागि ध्यान दिन आग्रह गरेको छ । दूतावासले एक सूचना जारी गर्दै कोरियामा कार्यरत श्रमिकहरूलाई सामसङ ह्वाजे अन्तर्गतका तीनवटा बिमालेख उपलब्ध हुने जनाएको छ । स्वदेश फिर्ती अवधि समाप्ती बिमा (थेजिकम), घर फिर्ती रकम (होम गोइङ मनी) र दुर्घटना बिमाको व्यवस्था रहेको दूतावासले उल्लेख गरेको छ ।

रोजगारीको क्रममा श्रमिकहरूले उल्लिखित बिमामध्ये दुर्घटना बिमामा ध्यान नदिएको भन्दै दुर्घटना बिमाको अवस्थाबारे जानकारी लिई बिमाको अवधि समाप्त भएको भए पुनः नवीकरण गरी अध्यावधिक गराउन पनि दूतावासले सरोकारवाला सबैलाई सूचित गरेको छ । कोरियामा दुर्घटना बिमाको प्रिमियम शुल्क श्रमिक आफैंले तिरेर बिमा गर्नुपर्ने व्यवस्था छ ।

अधिकांश कम्पनीले श्रमिकको तलब कट्टा गरी थेजिकम, घर फिर्ती र दुर्घटना बिमा गरिदिने भए पनि केही कम्पनीले थेजिकम र घर फिर्ती बिमा गर्ने गरेको पाइएको दूतावासले उल्लेख गरेको छ । तसर्थ श्रमिकहरू आफैंले आफ्नो दुर्घटना बिमाको अवस्थाको जानकारी लिएर बिमाको अवधि समाप्त भएको भए पुनः नवीकरण गरी दुर्घटना बिमा अध्यावधिक गर्न सचेत गराइएको छ । यस विषयमा कुनै समस्या परेमा वा थप जानकारी लिनुपरेमा साम्सङ ह्वाजेको कार्यालय वा नेपाली दूतावासमा सम्पर्क राख्न पनि आग्रह गरिएको छ ।


जनहितमा जारी सन्देश




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## नेता पुगे...
पृष्ठ १ बाट जारी

एकद्वार प्रणालीकै कारण भूकम्पपीडितसमक्ष राहत पुऱ्याउन ढिलाइ र झन्झट भएको उनले बताए ।

'अहिलेसम्म राहत दुई हजार ६०० घरपरिवारलाई वितरण गऱ्यौं । कुनै पनि परिवार घरभित्र बसेको अवस्था छैन । सबै मानिसलाई राहत पुगेको छैन,' अध्यक्ष गिरीले प्रभावसँग भने, 'यसको मुख्य कारण एकद्वार प्रणालीबाट राहत वितरण गर्ने संघीय सरकारको निर्णय हो । यतिसम्मकी बारेकोटका भूकम्पपीडितलाई दिन विभिन्न निकायसँग समन्वय गरेर यहाँ मगाइएको राहत पनि सदरमुकाममा रोक्ने काम भएको छ । जुन खेद्जनक छ ।'

गएको शुक्रबार रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्यागिन्च्युडको भूकम्प गएको थियो । उक्त भूकम्पले भएका सबैजसो घर ढल्दा बारेकोटले जनधनको ठूलो क्षति बेहोर्नुपऱ्यो । नजिकका अन्य स्थानीय तहसँगै छिमेकी जिल्ला रुकुम पश्चिममा त्यस्तै क्षति भयो । सल्यान, जुम्लालगायत केही जिल्ला पनि प्रभावित भए ।

तर, एकद्वार प्रणाली भन्दै राहत सामग्री सदरमुकाम खलंगामा थुपारिएको छ । जिल्ला प्रशासन कार्यालयले बारेकोटमा ३०० थान ब्ल्यांकेट, ३०० थान त्रिपाल र ३५० थान म्याटमात्र पठाइएको छ । अन्य पालिकामा चामल पठाइँदा इपिसेन्टरमा भने अझै खाद्यान्न नपठाइएको अध्यक्ष गिरीले बताए ।

प्रभावित क्षेत्रमा राहत वितरणको काम शनिबार साँझदेखि नै भएको प्रधानमन्त्री दाहाल, गृहमन्त्री श्रेष्ठदेखि कर्णालीका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले बताएका थिए । उनीहरूले भनेजस्तो राहत भूकम्पपीडितले नपाएको गिरी बताउँछन् ।

'स्थानीय सरकार हुँदाहुँदै राहत वितरणका लागि एकद्वार प्रणालीको नाममा जिल्ला प्रशासन कार्यालयलाई छुट्टै युनिटजस्तो बनाइयो । यो भनेको स्थानीय सरकारलाई अविश्वास गरेको हो,' उनले भने, 'यही कारण इपिसेन्टरकै भूकम्पपीडित राहतविहीन छन् ।'

भूकम्पको इपिसेन्टर क्षेत्रमा राहत वितरणको नेतृत्व गर्ने जिम्मा कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंहलाई छ । जिल्लाका अन्य स्थानीय तहमा पनि प्रदेश सांसदहरू नै राहतको संयोजन गर्न खटिएका छन् । रुकुम पश्चिममा पनि सांसदहरूले अग्रसरता लिएका छन् ।

तर, अझै जाजरकोट, रुकुम पश्चिमलगायत भूकम्पप्रभावित क्षेत्रका धेरै भूकम्पपीडितले अत्यावश्यक मानवीय सहायता सामग्री राहतस्वरूप पाउन सकिरहेका छैनन् । बरु, जिल्ला प्रशासन कार्यालयहरूमा राहत थुपारिएर राखिएको छ ।

जिल्ला प्रशासन जाजरकोटलाई राहतस्वरूप नौ हजार ९५० थान त्रिपाल, ११ हजार थान ब्ल्यांकेट, कम्बल र सिरक प्राप्त भएको छ । भुइँमा ओछ्याउने पिफर्म एक हजार ८३ रोल पुगेको छ । त्यस्तै, नुन तीन हजार ९०० केजी, दाल चार हजार ६२९ केजी प्राप्त भएको प्रशासनले जनाएको छ । रुकुम पश्चिममा पनि जाजरकोटमा जसरी राहत विभिन्न निकायबाट आएको छ । एकद्वार प्रणालीमार्फत भूकम्पपीडितलाई राहत वितरणमा समस्या भएको स्थानीय सरकारहरूले जनाएका छन् ।

प्रदेश मुख्यमन्त्री राजकुमार शर्मा भने भूकम्पपीडितले राहत नपाएको भन्ने स्वीकार्न तयार छैनन् । 'राहत वितरण प्रभावकारी भइरहेकै छ । आर्थिक मामिलामन्त्रीको कमाण्डमा छ जाजरकोट । कसले कसरी राहत पाएन भने ? म कहाँ त्यस्तो गुनासो आएको छैन,' उनी भन्छन् ।

यद्यपि, खाद्यन्नजस्ता अत्यावश्यकीय सामग्री अभावमा भूकम्पपीडित छन् । जसले गर्दा भूकम्पले घर भत्काउँदा पनि बाँचेका उनीहरूलाई सासका लागि गाँसको अभाव टड्कारो छ ।

भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा गरी १५३ जनाको ज्यान गएको छ । मृतक संख्याभन्दा बढी घाइते छन् । विभिन्न अस्पतालमा उपचाररत घाइतेमध्ये सात जनाको अवस्था गम्भीर रहेको बताइएको छ । हजारौं भूकम्पपीडित विस्थापित छन् । खुला आकासमुनि टेण्ट टाँगेर बस्न बाध्य छन् । फेरि, शक्तिशाली पराकम्पहरू रामीडाँडा नै केन्द्रबिन्दु भएर बेलाबेला गइरहेका छन् । यसले थप त्रासदी सिर्जना गरेको छ । यहीबेला के खाउँ के लाउँ भन्ने समस्याले पनि उनीहरूलाई छाडेको छैन । यसको दोष राहत वितरणमा अपनाइएको एकद्वार प्रणालीलाई दिन्छन्, स्थानीय सरकार ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने स्थानीय तहहरूले नै राहत बाँडून् भनेर एकद्वार प्रणाली अपनाइएको बताए । राहत नदोहोरिउन्, पीडितहरू नछुटून् र समानुपातिक ढंगले वितरण होस् भनेर एकद्वार प्रणाली लागू गरिएको उनले प्रस्ट पारे ।

## बहिनीको शोक ...
पृष्ठ १ बाट जारी

भूकम्प जानुअघि शुक्रबार राति सँगै खाना खाएर दुई बहिनी एउटै ओछ्यानमा भुइँतलामा सुतेका कुराकानीका क्रममा जुनीले बताएको डाँगीले उल्लेख गरिन् । सुत्ने बेला शनिबार गाउँमा लागेको मेला हेर्न जाने र मेलामा जाँदा दिदीको नयाँ कुर्तासुरुवाल बहिनीको लगाउने सल्लाह भएकामा बहिनीको त्यो चाहना अधुरै रहेको भन्दै जुनी अस्पतालको शयचामा भक्कानिने गरेको उनले बताइन् ।

'जुनी नबोल्दा कसैसँग पनि बोल्नुहुन्न । उहाँलाई जति नै बोलाए पनि केही जवाफ दिनुहुन्न । तर आफ्नै सुरमा एकोहोरो बहिनीलाई सम्झिएर डाँको छोडेर रुनुहुन्छ,' मनोसामाजिक परामर्शकर्ता डाँगीले भनिन्, 'उनको शरीरमा लागेको चोट औषधीले बिस्तारै निको हुँदै जान्छ । तर उनमा मनोसामाजिक समस्या बढी देखिएकाले यो समस्याबाट बाहिर निकाल्न अति नै संवेदनशील भएर कुरा गर्नुपर्ने हुन्छ ।'

परामर्शको चार दिनपछि डाँगीसँग मात्रै मनका कुरा बताउँदै जुनीको बुबा रोजगारीको सिलसिलामा विदेश गएको, आमा र भाइलाई सामान्य चोट लागेको बताइन् । जुनीले आफूले पनि स्टाफ नर्सको पिसिएलमा नाम निकालेको कुराकानीका क्रममा बताएको डाँगीले जानकारी दिइन् । उनका अनुसार जुनीले बहिनी गुमाएको शोकमा खाना, पानी, औषधिलगायत केही पनि नखाइदिनाले उनको शारीरिक चोट निको हुन समय लागेको छ । 'जुनीको मन र मस्तिष्कमा लागेको आघात निको पार्न उहाँसँग परामर्श र कुराकानी गर्नु नै उत्तम उपाय हो,' डाँगीले भनिन् ।

भेरी अस्पतालमा अहिले ४९ जनाको उपचार भइरहेको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए । उनका अनुसार अस्पतालमा भूकम्पमा परी घाइते भएका ५३ जनालाई उपचारका लागि ल्याइएको थियो ।

'तीन जना निको भई घर फर्कनुभएको छ भने एक जनाको उपचारका लागि अस्पताल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको थियो,' प्रजिअ पोखरेलले भनिन्, 'उपचाररत बिरामीको स्वास्थ्य अवस्था खतरामुक्त छ । धेरैको स्वास्थ्य सोधारोन्मुख हुँदै गइरहेको छ ।' *रासस*

# मखमलीले सजिन थाले ताथलीका घर

**भक्तपुर–** मखमली फूलको मालाले चाँगुनारायण नगरपालिका-९ ताथलीका घर सजिन थालेका छन् । तिहार नजिकिएसँगै ताथलीको वनमाला टोलका घर मखमली मालाले सजिन थालेका हुन् ।

ताथलीका वनमाला जातिको पुर्ख्यौली पेसा फूलखेती हो । विशेषगरी नवदुर्गा देवगणको पूजालाई फूल उत्पादन गर्ने परम्परा बोकेका वनमालाले पछिल्ला केही दशकयता तिहारका लागि मखमली र फूलको खेती गरी माला उनी बिक्री गर्दै आएका छन् ।

विशेषतः तिहारमा भाइटीकाका लागि मखमलीको माला आवश्यक मानिन्छ । त्यसैले तिहार नजिकिएसँगै ताथलीका वनमाला समुदायसँगै अन्यलाई समेत मखमली फूलको माला गाँस्न र माला सजाउनका लागि भ्याइनभ्याइ भएको छ । ताथलीका बनमाला समुदायको प्रत्येक घरका महिला र पुरुषमात्र होइन केटाकेटीसमेत माला उन्नमा व्यस्त छन् ।

आयआर्जनको प्रमुख स्रोत फूलखेती गर्ने वनमालाको सो क्षेत्रमा तीन दर्जनभन्दा बढी घर छन् । वैशाख-जेठ महिनामा छर्ने मखमली फूल साउन महिनादेखि फूलेपछि भदौदेखि फूल टिपेर माला उन्न लायक हुन्छ ।

दसैं सकिएलगत्तै मखमली फूलको माला उन्ने चटारो परेको मोतिबहादुर वनमालाले बताए । 'मखमली फूल्न थालेपछि असोजको पहिलो सातादेखि नै माला उन्न सुरु भए पनि तिहार नजिकिएपछि भने माला उन्ने चटारो परेको हो,' उनले भने । यसरी उनेका फूलका माला उपत्यकाका विभिन्न स्थानका साथै बनेपा, धुलिखेल र पोखरालगायतका स्थानमा बिक्रीका लागि पठाइने वनमालाले बताए । 'यहाँ उत्पादन भएका माला काठमाडौंका थोक व्यापारीलाई बिक्री गर्ने र त्यहींबाट सहरका विभिन्न स्थान तथा बनेपा, धुलिखेल र पोखरासम्म पुग्छ,' उनले भने ।

विगत २७ वर्षदेखि फूलको व्यवसाय गर्दै आएकी दिलमाया वनमालाले फूल व्यवसायले आम्दानीसमेत राम्रै हुने गरेको बताइन् । तिहारमा फूलको माग प्रत्येक वर्ष बढ्दो छ । सयपत्रीलगायतका फूल विदेशबाट समेत आयात हुने भए पनि मखमलीको माला विदेशबाट नआउने भएकाले बजारको अभाव नभएको उनले बताइन् । उनले विगतमा काठमाडौं लगेर बिक्री गर्नुपर्ने भए पनि आजभोलि घरघरमा व्यापारी आएर थोकमा लैजाने गरेको बताइन् ।

भक्तपुरको ताथली मात्र होइन गुण्डु क्षेत्र पनि मखमली फूलको पकेट क्षेत्र हो । तत्कालीन जिल्ला विकास समितिको स्थानीय विकास कोषले एक गाउँ एक उत्पादन अन्तर्गत गुण्डुलाई मखमली फूलको पकेट क्षेत्रको रूपमा विकास गरेको थियो । सोहीअनुसार अहिले गुण्डु मखमली फूलको राजधानीको रूपमासमेत परिचित हुँदै आएको छ । गुण्डुका स्थानीय किसानले धानखेती छाडेर मखमली फूलको खेती अकाल्दै आएका छन् । त्यसैले यहाँका प्रत्येक घरले मखमली फूलको खेती गरेका छन् । दसैं सकिएलगत्तै यहाँका किसान पनि मखमली फूल टिप्न र माला गाँस्न व्यस्त छन् । *रासस*


### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको सिसौ जातको गोलिया थान ३१८ को १०८४.८७ क्युफिट काठ, हल्दु जातको गोलिया थान २८ को ५१६.४८ क्युफिट काठ, अस्ना जातको गोलिया थान १३ को ३९०.७६ क्युफिट काठ, खयर जातको गोलिया थान ३७४ को १२७४.६७ क्युफिट काठ र सिरिस जातको गोलिया थान १२ को २०१.५१ क्युफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**जगतपुर सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा.६, कैलाली**



### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको अस्ना जातको गोलिया थान १७ को ४९९.५२ क्युफिट काठ, कर्मा जातको गोलिया थान १६ को २०७.४९ क्युफिट काठ, सिसौ जातको गोलिया थान ४८ को १६६.३१ क्युफिट काठ, खयर जातको गोलिया थान ४५६ को १२१२.५१ क्युफिट काठ, सागबान जातको गोलिया थान २१ को ५७.७३ क्युफिट काठ, कुसुम जातको गोलिया थान ६ को ६७.१८ क्युफिट काठ र दबदबे जातको गोलिया थान ६ को ३८.७८ क्युफिट काठ र मिश्रित दाउरा २ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**जगतपुर सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा.६, कैलाली**



### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको साल जातको गोलिया थान ४० को ६१२.७० घनफिट काठ र साल जातको दाउरा १.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हात्तिवन सामुदायिक वन उपभोक्ता समूह**
**गौरीगंगा न.पा.५, कैलाली**



### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको साल जातको गोलिया थान ३ को ५६.६७ क्युफिट काठ र खयर जातको गोलिया थान १९५ को ८४९.२४ क्युफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा.९, कैलाली**



### कम्पनीको नाम परिवर्तन भएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : कात्तिक २३, २०८०**

यस कम्पनीको मिति असोज १५, २०८० मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक **उज्यालो कन्स्ट्रक्सन प्रा.लि.** मा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर एवं दायित्व परिवर्तित **प्रभु आवास तथा पुर्वाधार निर्माण कम्पनी प्रा.लि.** ले व्यहोर्ने गरी मिति २०८०/०७/१४ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट परिवर्तित नाममा स्वीकृति प्राप्त भएकोले सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५८/०१/११ मा दर्ता भएको प्रा.लि.नं. १५४९९ को **अपार इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Sinopec Engineering Group Saudi Co. Ltd.**

पूर्व स्वीकृति मिति :२०८०/०७/२२ | LT. No. 294892 | चलानी नं. ६०२०९९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING WORKER/MASON | 30 | 0 | 1200 | ४२६५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 20 | 0 | 1200 | ४२६५० | | | | | | | |
| 3 | drilling worker | 20 | 0 | 1200 | ४२६५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : INTERNATIONAL HEALTH CLUB**

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | LT. No.294795 | चलानी नं. ६०२०९९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/worker | 20 | 10 | 90 | ३८,५४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Clerk/reception | 10 | 5 | 150 | ६४,२३० | | | | | | | |
| 3 | Saviour | 10 | 5 | 165 | ७०,६५५ | | | | | | | |
| 4 | Vendor | 5 | 3 | 150 | ६४,२३० | | | | | | | |
| 5 | Salesman/lady | 10 | 5 | 150 | ६४,२३० | | | | | | | |
| 6 | Massagist | 10 | 5 | 150 | ६४,२३० | | | | | | | |
| 7 | Driver (Light) | 5 | 0 | 140 | ६०,००० | | | | | | | |
| 8 | Swimming Coach/trainer | 5 | 5 | 200 | ८५,६४० | | | | | | | |
| 9 | Gym Trainer/coach/fitnerss Trainer | 10 | 5 | 200 | ८५,६४० | | | | | | | |
| 10 | Physiotherapist | 3 | 3 | 200 | ८५,६४० | | | | | | | |
| 11 | Secretary | 4 | 2 | 150 | ६४,२३० | | | | | | | |
| 12 | Chef | 2 | 0 | 185 | ७९,२२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1462/074/075

**Sky Blue International Overseas Pvt.ltd.**
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Discovery employment LLc**

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 294842 | चलानी नं. ६०२०९९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 150 | 0 | 900 | ३२६६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९७/०७३/०७४

**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## Thulung Dudhkoshi Rural Municipality
## Office of the Rural Municipal Executive
**Mukli, Solukhumbu**
**Koshi Province, Nepal**

### Intention for Award of Contract

**Date of publication: 2080/07/23 (2023-11-09)**

Pursuant to clause 27(2) of Public Procurement Act 2063, this is to notify all the concerned bidders that the following substantially responsive lowest evaluated bidder has been selected to award the contract as per the Invitation for Bid published in Aarthik Rastriya Dainik Newspaper on 2080/05/31. Thulung Dudhkoshi Rural Municipality intends to award the contract to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful Bidder | Total Bid Price Including VAT and PS (NRs) |
|---|---|---|---|
| 1 | TDRM/NCB/W/RD-01-2080/2081 (Panchan-Mukli-Armas Road Upgrading Work) | Rikot Construction Khumbu Pasang Lhamu Rural Municipality | 70,51,874.37/- |

**For. Chief Administrative Officer**

# भूकम्पपीडितले अझै पाइएनन् त्रिपाल

■ हेमन्त केसी

**जाजरकोट–** गत शुक्रबार राति भूकम्प जाँदा निद्रामा रहेकी नलगाड नगरपालिका-३ का रमिता थापा हतारहतार दुई छोरा, छोरी च्यापेर घरबाहिर निस्किइन्। उनी निस्कनेक्रममा खुट्टामा चोट लागेर सामान्य घाइते पनि भइन्। उनी अहिले सदरमुकाम खलंगाको नयाँ बस्तीस्थित सडकको किनारमा त्रिपाल टाँगेर रात बिताउँदै आएकी छन्।

उनलाई अहिले जुन समयमा पनि भूकम्प गइरहेको र शरीर हल्लाइरहेको जस्तो समस्या देखिएको छ। खुला सडकभन्दा माथि त्रासले जान नसकेकी थापाकी १४ वर्षीया छोरीसमेत राति सुतिरहेको समयमा 'हल्लायो हल्लायो' भन्दै समय-समयमा बोल्ने गरेको रमिताले बताइन्। भूकम्पले मानसिक त्रासमा रहेका अधिकांश सदरमुकामवासी अहिले सडकको छेउछाउमा त्रिपालको सहारामा रातदिन कटाइरहेका छन्। सदरमुकामदेखि बाहिर घर भएर सदरमुकाम भाडामा बस्दै आएका सर्वसाधारण भाडाकै घर भत्किएपछि समस्यामा परेका छन्।

राहत सामग्रीस्वरूप आएको त्रिपाल, अन्य सामग्री घरधनिका नाममा आउने गरेपछि सदरमुकामबाहिर ठेगाना भएका पीडित सबैभन्दा बढी मारमा परेको भेरी नगरपालिका-३ थाप्लेका मिलन चदाराले बताए। वडा कार्यालयमा त्रिपाल माग्न जाँदा घरधनिबाहेक अन्यले नपाउने भनेपछि आफूहरू हैरानीमा परेको उनको भनाइ छ। खुला चौरमा बस्दै आएको मिलनको परिवार अहिले राहत, माग्दामाग्दा हैरान भएपछि हाम्रो कोही रहन्छ जनाउँदै निराश भएका छन्।

त्यस्तै, अर्का गणेश थापाले वडा कार्यालयमा त्रिपाल माग्न जाँदा नपाएको गुनासो गरे। जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारलाई पीडा सुनाएपछि पुनः एक थान त्रिपाल पाएको उनले सुनाए। सुरुमा क्षति भएको नामावली संकलन गरी हाम्रो पनि लिएको थियो, अहिले हाम्रो नाम लिस्ट छैन भन्दै त्रिपाल नदिने कुरा सुन्दा आफू थप मारमा परेको थाप्लेका झलक मल्लले बताए।

घर पूर्णरूपमा भत्किएर समस्यामा परेको उनको परिवारले अहिलेसम्म त्रिपालसम्म पाउन सकेको छैन। यो परिवारले घर भत्किएपछि कुनै पनि सामग्री



घरबाट निकाल्न नपाएको गुनासो गरेको छ। भूकम्पको केन्द्र रहेको बारेकोट गाउँपालिकामा समस्या रहँदै आएको छ। समय-समयमा भूकम्पको पराकम्प जाने क्रम जारी रहेपछि काममा निस्कने जाँगर नै नचलेको बारेकोट गाउँपालिका-४ का प्रेम बोहराले बता।

बालबालिका र वृद्ध सबैभन्दा बढी त्रासमा भएको उनले बताए। घरसँगै विद्यालयसमेत भत्किएपछि बालबालिका थप मानसिक समस्यामा छन्। घर भत्किएको छ भने पढ्न जाने विद्यालयसमेत भत्किएको छ। बिस्तारै विकासको लयमा आउन लागेको जाजरकोटमा भूकम्पले फेरि एकपटक विकासको बाटो बन्द गरिदिएको छ।

### कुन पालिकामा कति क्षति

भेरी नगरपालिकामा ३४४ घर पूर्णरूपमा भत्किएका छन् भने आंशिक ७१२, दुईवटा विद्यालय पूर्णरूपमा भत्किएको र १७ वटा आंशिक रूपमा क्षति भएको छ।

त्यस्तै भेरी नगरपालिकामा पाँचवटा सरकारी कार्यालयमा क्षति पुगेको छ। मृत्युको संख्या ३६ र घाइते ६५ रहेको छ। नलगाड नगरपालिकामा २०० घर पूर्णरूपमा क्षति भएको र ६०० घर आंशिकरूपमा भत्किएका छन्। विद्यालय १२ पूर्णरूपमा भत्किएका छन् भने आंशिकरूपमा २१ वटामा क्षति पुगेको छ। छ वटा सरकारी कार्यालयमा क्षति भएको छ। मृत्यु हुनेको संख्या ५२ रहेको छ। ७३ जना घाइते भएका छन्। छेडागाडमा १०० घरमा पूर्णक्षति भएको र आंशिकरूपमा ५०० घरमा क्षति भएको छ।

तीन विद्यालयमा आंशिक क्षति भएको पाइएको छ। मृत्यु दुईजनाको भएको छ भने घाइते एक जना भएको बताएको छ। कुशे गाउँपालिकामा ९५ घर पूर्णरूपमा क्षति भएको छ भने ३०१ वटा आंशिकरूपमा क्षति पुगेको छ।

चारवटा विद्यालय पूर्णरूपमा भत्किएका छन् भने १७ वटा आंशिक रूपमा क्षति भएको पाइएको छ। एउटा सरकारी कार्यालय पूर्णरूपमा भत्किएको छ भने १७ वटा आंशिकरूपमा क्षति पुगेको छ। कुशेमा दुईजनाको मृत्यु र एकजना घाइते भएको पाइएको छ। प्रहरीका अनुसार १६० घरहरू पूर्णरूपमा बारेकोटमा भत्किएका छन् भने ५६० घर आंशिकरूपमा क्षति पुगेको छ। पाँचवटा विद्यालय पूर्णरूपमा भत्किएका छन् भने दुईवटा आंशिकरूपमा भत्किएको पाइएको छ। एक सरकारी कार्यालय पूर्णरूपमा भत्किएको र दुई कार्यालय आंशिक क्षति पुगेको जानकारी प्राप्त भएको छ। चारजनाको मृत्यु तथा चारजना घाइते भएका छन्।

शिवालय गाउँपालिकामा एक घर पूर्णरूपमा भत्किएको र ३७ वटा घर आंशिक क्षति भएको छ। पाँचवटा विद्यालयमा आंशिक क्षति पुगेको छ। एक सरकारी कार्यालयमा क्षति पुगेको बताएको छ। एकजना घाइते भएका छन्। जुनिचाँदे गाउँपालिकामा २७० घर पूर्णरूपमा भत्किएको र चार हजार ५६ घरमा आंशिक क्षति भएको छ। जाजरकोटमा एक हजार १७० घर पूर्णरूपमा क्षति भएको पाइएको छ। सात हजार १६६ वटा घर आंशिकरूपमा क्षति भएको पाइएको छ। २३ विद्यालयको पूर्णक्षति र ७५ आंशिक क्षति भएको जानकारी आएको छ। १०१ जनाको मृत्यु भएको छ। १५२ घाइते भएको प्रहरीले जनाएको छ। *रासस*

# एकदिन अघि नै म्ह पूजा र भाइटीका

**भक्तपुर (प्रस)–** भक्तपुरका नेवार समुदायले यस वर्ष पञ्चांग निर्णायक समितिले निर्धारण गरेको मितिभन्दा एक दिन अगाडि म्ह पूजा र भाइटीका मनाउने भएका छन्।

नगरपालिकाले सार्वजनिक सूचना नै जारी गरेर २७ गते म्ह पूजा र २८ गते भाइटीका मनाउन निर्देशनात्मक रूपमा आह्वान गरेको छ। यस वर्षको तिहार (स्वन्ती) मनाउने विषयमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा ज्योतिष डा. वीरेन्द्रप्रसाद कायस्थ एवं ज्योतिष केदारप्रसाद दैवज्ञ, तलेजुका पुजारी प्रजेशराज राजोपाध्याय, महेश कर्माचार्य, पदमलोचन कर्माचार्यसहितको छलफलपछि यस्तो निर्णय गर्दै आफ्ना नागरिकका लागि सार्वजनिक सूचना जारी गरेको नगर प्रमुख प्रजापतिले बताए।

पञ्चांग निर्णायक समितिले यस वर्ष कात्तिक २५ गते काग तिहार, २६ गते लक्ष्मीपूजा, २७ गते गाई तिहार, २८ गते गोबर्द्धन तथा म्ह पूजा र २९ गते भाइटीका एवं किजा पूजा गर्ने निर्णय गरेको थियो। तर भक्तपुर नगरपालिकाले भने २६ गते अपराह्न २ बजेर १४ मिनेटपछि औंसी तिथि लाग्ने हुँदा उक्त दिन साँझ लक्ष्मीपूजा गर्ने, कात्तिक २७ गते अपराह्न २ बजेर ४१ मिनेटपछि परेवा प्रतिपदा तिथि सुरु हुने भएकोले त्यसदिन साँझ म्हः पूजा गर्ने र कात्तिक २८ गते अपराह्न २ बजेर ३८ मिनेटमा द्वितीया तिथि लाग्ने भएकोले सो दिन किजा पूजा अर्थात् भाइटीका गरेर तिहार सम्पन्न गर्न आह्वान गरेको छ।

## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

### सूचना प्रविधि अधिकृत पदको पुनः विज्ञापन सम्बन्धमा

**प्रकाशित मिति : २०८०।०७।२३**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कोशी प्रदेशको आर्थिक सहायतामा यस कार्यालयमा आवश्यक सूचना प्रविधि अधिकृत (IT Officer) पदको पदपूर्ति गर्न आ.व. २०७७।७८ को विज्ञापन नं. २-२०७७।०७८ मार्फत दरखास्त संकलन पश्चात लामो समय व्यतित भएको कारणले आवेदकहरु अन्य क्षेत्रमा समेत आवद्ध भईसकेको हुन सक्ने भएकोले यस अघि दरखास्त पेश गर्ने आवेदकहरु सोही दरखास्तबाट सहभागी हुन पाउने गरी तपसिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग भए बमोजिमका कागजात सहित दरखास्त पेश गर्नुहुन पुनः विज्ञापन गरी यो सूचना पुनःप्रकाशन गरिएको छ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | १-२०८०।८१ | सूचना प्रविधि अधिकृत (IT Officer) | स्थानीय सेवाको अधिकृत छैटौं सरह | १ (एक) |

- शैक्षिक योग्यता : लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको।
- छनौट : शैक्षिक योग्यता, कार्य अनुभव र तालिमको अंक विभाजनको आधारमा छोटो सूची (Short List) प्रकाशन।
- परीक्षाको किसिम : लिखित, प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता। (परीक्षा कार्यक्रम छोटो सूची प्रकाशित गरेको मितिमा तोकिनेछ।)
- दरखास्त दस्तुर : रु. १,०००।- (एक हजार रुपैंया मात्र), सुन्दरहरैंचा नगरपालिकाको राजश्व शाखामा दस्तुर बुझाई सक्कल भौचर दरखास्त फारम साथ संलग्न राख्नु पर्नेछ।
- दरखास्त दिने अन्तिम मिति : वि.स.२०८०।०८।०७ गते कार्यालय समय भित्र वा सो दिन सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयसम्म।
- पाठ्यक्रम : लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत वा सो सरहको पदको पाठ्यक्रम वमोजिम हुने।
- उम्मेदवारको उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष ननाघेको।
- दरखास्त फारम www.sundarharaichamun.gov.np बाट download गरी झिक्न सकिनेछ वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- आवेदन बुझाउने स्थान : सुन्दरहरैंचा नगरकार्यपालिकाको कार्यालय (प्रशासन शाखा)।
- सेवाको किसिम : सेवा करार।
- सेवा करार अवधि : २०८१ असार मसान्तसम्म।
- तलब तथा अन्य सुविधा : अधिकृत स्तर छैटौं वा सो सरह।
- आवश्यक कागजात : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु (लब्धाङ्क र चारित्रिक प्रमाणपत्र) वा नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरु प्रतिलिपी १/१ थान तथा हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ थान।
- कार्यशर्त विवरण (TOR) : सुन्दरहरैंचा नगरपालिकाको वेभसाइट www.sundarharaichamun.gov.np मा राखिएको सूचना अनुसारको हुने।
- सुन्दरहरैंचा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ अनुसार पदपूर्ति गरिनेछ।
- यस अधिको यस पदको विज्ञापनमा आवेदन दिएका उम्मेदवारले दरखास्त दिने अवधिभित्र यस कार्यालयमा अनिवार्य रुपमा सम्पर्क गर्नुपर्नेछ।
- थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०७/०४ गते बेनिघाट रोराङ गाउँपालिका- बादरे स्थित मेरो मामाघरबाट पार्किङ गरिराखेको अवस्थामा बिहान अन्जादी २ बजे NS २०० Gloss pewter Grey रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

धनीको नाम : विकल आचार्य
बाइक नं.: बा.प्र.०२-०४१ प ३१४८
च्यासिस नं.: MD 2A36FX2NCE81469
इन्जिन नं. : JLXCNE04491
ठेगाना: भरतपुर १०, चितवन
सम्पर्क: ९८१८९९५४९८

### हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/११/०५मा दर्ता भएको प्रा.लि. नं. ७०६२७ तारा रियल इस्टेट कम्पनी प्रा.लि. को बहुल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन ,२०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसगँ कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको हो।

### हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५८/११/१३ मा दर्ता भएको प्रा.लि. नं. १८०३० हिमालयन कुचुर प्रा.लि. को बहुल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन ,२०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसगँ कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको हो।


## कुबेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE PLASTICS CO LTD

पूर्व स्वीकृति मिति : २०८०/०७/२२ | LT. No. 294866 | चलानी नं. ६०२०९९५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR/HELPER/WORKER | 99 | 0 | 105 | ४५३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत न .१२४५/०७३/०७४

**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAYALI ZMAN BUILDING CLEANING SERVICES.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 285307 | चलानी नं. ६०२००७२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 900 | ३२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।**

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन ५४५६०२०/५४५६०१९
सम्पर्क नं : ९८०१२५०५५५, ९८०११०५५७७



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUSEF MOHAMMED AL HUSSEIN SEMI AUTOMATIC BAKERY

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 294215 | चलानी नं. ६०२०९९३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweet Baker | 2 | 0 | 1400 | ४९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BREAD AND TEA RESTAURANTS TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 294216 | चलानी नं. ६०२०९९३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 1 | 0 | 1200 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : MAKEMAKE CONTRACTING WLL

पुर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 288213 | चलानी नं. ६०२०३५३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329, 9861929366
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

प्रभाव दैनिक
National Daily

म्पादकीय

# राहत वितरणमा विलम्ब नगर

जाजरकोट केन्द्रबिन्दु भई शुक्रबार राति गएको भूकम्पले ठूलो क्षति पुऱ्यायो । मध्यरात हजारौं घर भत्किँदा १५३ जनाले अकालमै ज्यान गुमाउनुपऱ्यो । करिब ३०० को संख्यामा घाइते भएका छन् । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिम सबैभन्दा बढी प्रभावित हुँदा आसपासका जिल्लामा पनि केही क्षति पुगेको छ । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पका परकम्पहरू अझै रोकिएका छैनन् । जसले त्यस क्षेत्रमा थप त्रास सिर्जना गरिरहेको छ । चर्किएका घर तथा भवनहरू भत्किने जोखिम कायमै छ ।

भूकम्प गएलगत्तै सरकारले उद्धारमा तदारुकता देखायो । तीनै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना गरी तीन सुरक्षा निकायलाई परिचालन गऱ्यो । राज्यका अन्य निकायहरूलाई पनि परिचालन गरियो । प्रदेश र स्थानीय सरकारले पनि उत्तिकै सक्रियताका साथ उद्धार कार्यमा भूमिका खेले । प्रधानमन्त्री पुष्पकमल दाहाल स्वयं शनिबार बिहानै नेपाली सेनाको हेलिकप्टर लिएर भूकम्पप्रभावित क्षेत्रमा पुगे । उद्धार कार्यमा खटिए । त्यसरी उद्धार कार्यमा उनले देखाएको तदारुकताको प्रशंसा पनि भयो ।

तर, राहत वितरण र पीडितको पुनःस्थापनामा भइरहेको ढिलाइका कारण सरकारको आलोचना सुरु भएको छ । भूकम्प गएको चार दिन बितिसक्दा पनि अधिकांश पीडितसमक्ष राहत नपुगेको गुनासो आइरहेका छन् । छिमेकी राष्ट्रदेखि विभिन्न क्षेत्रबाट राहत सामग्री आए पनि कतिपय पीडितले एउटा त्रिपालसम्म नपाएका कारण खुला आकाशमुनि रात बिताउनुपरेका समाचारहरू सञ्चारमाध्यममा आइरहेका छन् ।

सरकारले भूकम्पप्रभावित क्षेत्रमा राहत वितरणका लागि एकद्वार प्रणाली लागू गरेको छ । सबै पीडितलाई समानरूपमा राहत पुऱ्याउन र राहत वितरणलाई प्रभावकारी बनाउन एकद्वार प्रणाली अपनाइएको सरकारको भनाइ छ । तर, सोही प्रणालीका कारण राहत वितरणमा ढिलाइ र झण्झट भएको स्थानीय तहका जनप्रतिनिधिहरूले गुनासो गरेका छन् । उनीहरूले स्थानीय सरकारमार्फत वितरण नगरेर संघीय सरकारले आफूहरूलाई अविश्वास गरेको बताएका छन् । यद्यपि, प्रदेश सरकारका मुख्यमन्त्रीले भने राहत वितरण प्रभावकारी बनाउन लागिपरेको बताएका छन् । गृह मन्त्रालयले पनि रात वितरणमा समस्या नरहेको दाबी गरेको छ ।

राहत वितरणमा एकद्वार प्रणाली अपनाउनु आवश्यकता नै हो । किनभने विगतमा एकद्वार प्रणाली नअपनाउँदा राहत वितरणका नाममा कयौं विकृति देखिएका थिए । जसले पीडितहरूलाई थप पीडा दिएको थियो । तर, पीडितसमक्ष जति छिटो राहत पुऱ्याउनुपर्ने हो त्यसमा सरकार चुकेको देखिन्छ । भूकम्प गएको चार दिन बितिसक्दा पनि राहत सामग्री नपुग्नु स्वकार्य कुरा होइन । अवलोकनका नाममा प्रधानमन्त्री, मन्त्रीदेखि राष्ट्रपतिसम्म प्रभावित क्षेत्रमा पुग्दा राहत नपुग्नु लज्जास्पद विषय हो । सरकार- पीडितलाई थप पीडा नदेऊ, तत्काल राहत पुऱ्याऊ ।

# भूकम्पको समयमा पशुपक्षीको व्यवस्थापन



डा. केदार कार्की

भूकम्पले भवन, पूर्वाधार, पुल, बाँध, सडक र रेलमार्गमा क्षति पुऱ्याउन सक्छ । घाँसको अभावबाहेक ढलको पानी चुहिएर पानी प्रदूषित हुनाले मानिस तथा पशुपक्षीलाई ठूलो असुविधा हुन्छ । नेपालको परिदृश्यमा, जनावरहरु प्रायः बाहिर बाँधिएका हुन्छन् वा छाना भएको गोठमा राखिन्छन्, जहाँ शारीरिक चोटपटकको सम्भावना कम हुन्छ । तर जब जनावरहरूलाई बाँधिएको वा खोरमा थुनिन्छ, तिनीहरूको भाग्ने सम्भावना कम हुन्छ ।

कुनै पनि आपत्कालीन अवस्थालाई कुनै पनि क्षेत्रमा असाधारण प्रतिक्रिया चाहिन्छ । यो आपत्काल प्राकृतिक वा मानव निर्मित प्रकोपको कारण उत्पन्न हुन्छ । विश्वमा ८० प्रतिशत प्राकृतिक प्रकोप हुने भए पनि नेपालले ज्वालामुखीबाहेक सबै प्रकारका प्राकृतिक प्रकोपको सामना गर्दै आएको छ । हरेक वर्ष खडेरी, बाढीपहिरो, भूकम्प र चक्रवातको आवृत्ति बढ्दै गएको छ । उत्तरी पहाडी क्षेत्रमा हिमआँधी, मैदानमा बाढी, खडेरी, अनियमित वर्षा र साना-ठूला भूकम्पको जोखिम छ । मानव निर्मित प्रकोपहरूले प्रत्यक्ष रूपमा जनावरहरूलाई हानि नगर्न सक्छ तर बम विष्फोट, प्रदूषण, औद्योगिकीकरण वा प्राकृतिक बासस्थानको विनासजस्ता परिस्थितिहरूमा जोखिम हुन सक्छ ।

प्रकोपहरू एकरूपका हुँदैनन् किनभने प्रभाव र परिणाम क्षेत्रअनुसार र समुदायअनुसार फरक हुन्छन् । प्रकोपको समयमा, मानिसहरूले आफ्नो सम्पत्ति र जीविकोपार्जन गुमाउँछन् जुन पुनः प्राप्ति गर्न समय लाग्छ । कुनै पनि प्रकारको प्रकोपले समुदायका कमजोर वर्गलाई असर गर्छ, विशेषगरी विकासोन्मुख देशहरूमा उनीहरूको जीविकाका लागि जनावरहरूमा निर्भरता उच्च छ । नेपालमा ७० प्रतिशत पशुधनको स्वामित्व ६७ प्रतिशत साना तथा सीमान्तकृत किसान र भूमिहीन मजदुरहरूको छ । विपद्को अवस्थामा जनावरहरू बाँच्नका लागि राम्रो सम्भावना भए पनि यस दिशामा थोरै प्रयास गरिएको छ । त्यसैगरी पूर्वतयारी, संरक्षण वा पुनःस्थापनामा जनावरहरूलाई कतै समावेश नगर्दा समस्या झनै गम्भीर बन्दै गएको छ । साथै, पशुपक्षीको क्षतिको पनि यकीन आकलन हुन सकेको छैन ।

**भूकम्प:**

भूकम्पले भवन, पूर्वाधार, पुल, बाँध, सडक र रेलमार्गमा क्षति पुऱ्याउन सक्छ । घाँसको अभावबाहेक ढलको पानी चुहिएर पानी प्रदूषित हुनाले मानिस तथा पशुपक्षीलाई ठूलो असुविधा हुन्छ । नेपालको परिदृश्यमा, जनावरहरू प्रायः बाहिर बाँधिएका हुन्छन् वा छाना भएको गोठमा राखिन्छन्, जहाँ शारीरिक चोटपटकको सम्भावना कम हुन्छ । तर जब जनावरहरूलाई बाँधिएको वा खोरमा थुनिन्छ, तिनीहरूको भाग्ने सम्भावना कम हुन्छ ।

**भूकम्पको समयमा व्यवस्थापन:**

- आश्रयका लागि सबैभन्दा सुरक्षित स्थान पहिचान गर्नुपर्छ  ताकि जनावरहरू कुनै पनि सहायताविना दुई/तीन दिनसम्म बाँच्न सकून् ।
- टिटानस वा सबैभन्दा प्रचलित संक्रामक रोगविरुद्ध जनावरहरूलाई खोप लगाउनुपर्छ ।
- सबै कृषि औजार र उपकरणहरू र अन्य भारी वस्तुहरू पर्खाल र छानाबाट टाढै राख्नुपर्छ किनभने तिनीहरू खस्दा गम्भीर चोटपटक लाग्ने सम्भावना हुन्छ ।
- घरभित्र रहेका जनावरहरूको हेरचाह गर्नेले बलियो फर्निचरमुनि लुक्नुपर्छ र झ्याल आदिजस्ता फुट्ने वस्तुहरूबाट टाढा रहनुपर्छ ।
- आपत्कालीन समयमा गेट खोल्न बोल्ट कटर हुनुपर्छ ।
- आपत्कालीन अवस्थामा भेटेरिनरी र चिकित्सा सल्लाह खोज्नुपर्छ ।

**प्रकोपको समयमा व्यवस्थापन रणनीति**

जनावरलाई थप पीडाबाट बचाउनका लागि निकासी उत्तम उपाय हो । उद्धार शिविरहरूमा निकासी छिटो र छोटो हुनुपर्छ । स्थानान्तरणको समयमा जनावर हरूको गन्तव्य र ढुवानी दुवै जनावर हरूको स्वास्थ्य र कल्याणको संरक्षण गर्न समन्वय हुनुपर्छ ।

आश्रयको प्रावधान प्रकोपको प्रकारमा निर्भर गर्दछ । उदाहरणका लागि, एक चक्रवात्को समयमा जनावरहरू आश्रयमाभन्दा बाहिर सुरक्षित हुन्छन् । बाढीको समयमा गोठ/घर पानीले भरिने डर हुन्छ । तर जाडोको समयमा हिटरहरू उचित भेन्टिलेसन भएका क्षेत्रमा अवस्थित हुन्छन् ।

पशुलाई पोषण आवश्यकता पूरा गर्न र रोग कम गर्न पर्याप्त मात्रामा खाना र पानी उपलब्ध गराउनुपर्छ । यस समयमा घाँस र चारोको उपलब्धता धेरै महत्त्वपूर्ण हुन्छ किनभने माग र आपूर्तिबीच ठूलो अन्तर हुन्छ । चारो खेती, बीउ वितरण, युरिया, गुड, फिड ब्लक, साइलेज फिडिङजस्ता गैरपरम्परागत दाना स्रोतहरूको प्रयोगलाई बढावा दिनुपर्छ ।

सबै उद्धार गरिएका जनावरहरूलाई केही संख्याको साथ पहिचान गरिनुपर्छ, कूल जनावरको जनसंख्या र कूल उद्धार गरिएका जनावरहरूले विपद्को समयमा हराएका जनावरहरूलाई हाइलाइट गर्दछ ।

सबै घाइते जनावरलाई तुरुन्तै उपचार गर्नुपर्छ र संवेदनशील रोगको अवस्थामा एन्टिबायोटिक प्रदान गर्न सकिन्छ । पशु स्वास्थ्य घटकमा उचित पोषण, गर्भवती जनावरहरूको हेरचाह, नवजात र जवान जनावरहरूको हेरचाह आदि समावेश छन् ।

बथानमा सधैं रोग फैलिने डर हुन्छ । एफएमडी, रक्तश्राव सेफ्टीसिमिया, एन्थ्रेक्स, पिपिआर, ई. कोली आदि रोगहरूका लागि सामूहिक खोप कार्यक्रममार्फत जोखिमबाट बचाउन सकिन्छ । उचित सरसफाइका साथै कीट नियन्त्रणमा केही सावधानी अपनाउन सकिन्छ ।

धेरै जनावर प्रकोपमा मर्ने सम्भावना हुन्छ जहाँ मरेका जनावरहरूको व्यवस्थापनमा समस्या हुन्छ । बाढी र चक्रवातको समयमा यो समस्या झन् गम्भीर बन्दै जान्छ । मृत जनावरको शवलाई खोलामा कहिल्यै नफाल्नुहोस् । प्रोटोकलअनुसार शव जलाउन वा गाड्नुपर्छ । शवको उपयोग एक विधि हो जहाँ मध्यवर्ती उत्पादनहरू जस्तैः मासुको खाना, हड्डीको खाना, क्याल्सियम आदि आवश्यक खाद्यपूरकको रूपमा उत्पादन गर्न सकिन्छ । प्रविधिले सुख्खा र भिजेको रेण्डरिङ समावेश गर्दछ जस्तैः खाना पकाउने, नसबंदी, बोसो हटाउने, सुकाउने र अन्त्यमा मिलिङ र ब्यागिङ गर्ने ।

अर्को समस्या पशुजन्य फोहोर विसर्जन हो । जनावरको गोबरलाई मलको रूपमा वा सुकाएर इन्धनको रूपमा प्रयोग गर्न सकिन्छ । सम्भव भएसम्म साना कम्पोस्ट ग्यासका एकाइहरू व्यवस्थित गर्न सकिन्छ । अनुचित डिस्पोजलले कीटजन्य समस्याहरू सिर्जना गर्दछ । कम्पोस्ट खाडलहरू नियमितरूपमा माटो खनेर र त्यसमा चुना लगाएर बनाउन सकिन्छ । लामो समयसम्म बाढीको पानीको स्थिरतामा हाँसपालन र माछापालनलाई कीट नियन्त्रणको माध्यमको रूपमा लिन सकिन्छ ।

पशु चिकित्सक, प्यारा भेटेरिनरी स्टाफ र सहयोगी कर्मचारीहरूले बिरामी, मरेका र घाइते जनावरहरूसम्म पुग्न प्रभावित क्षेत्रमा अस्थायी उद्धार शिविरहरू स्थापना गर्न मद्दत गर्नुपर्छ । भेटेरिनरी सहायता आदानप्रदान र समन्वय गर्न नियन्त्रण कक्षहरू स्थापना गर्नुपर्दछ । नियन्त्रण कक्षहरूले एजेन्सीहरूबाट दुखाइ निवारक, शामक, एन्टिबायोटिक, फ्याक्चर उपकरणहरू, आदिजस्ता आपूर्तिहरूसँग सम्पर्क राख्ने र समन्वय गर्नुपर्दछ ।

*(लेखक वरिष्ठ पशु चिकित्सक हुन्)*

## मननयाग्य

### चाणक्य नीति

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैँचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए ।

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे ।

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् ।

## पत्र-मञ्जषा

# सार्वजनिक यातायातमा सधैंको बेथिति

मुलुकमा अहिले तिहारको माहोल छाएको छ । दसैंपछिको ठूलो पर्व मानिने तिहार मान्न विदेशबाट फर्किनेहरूको लहर बढ्दो छ । यस्तै काठमाडौंबाट गाउँघरमा तिहार मान्न बाहिरिने क्रम पनि बढ्दै गएको छ । दसैंमा भन्दा कम भए पनि तिहारमा जानेको भीड हुन्छ नै । यहीबेला यातायात व्यवसायीहरूले फाइदा लुटिरहेका छन् । उपत्यकाबाहिर जाने यातायातका व्यवसायीहरूले टिकटमा ठगिरहेका हुन्छन् । दसैंमा टिकट वा छुट्टी नपाएर घर नगएकाहरूसमेत तिहारमा घर जाने हुँदा भीडभाड हुने गरेको छ ।

सर्वसाधारण बसबाट आफ्नो गाउँघर जान्छन् । तर, भाडाको बारेमा उनीहरूलाई थाहा हुँदैन । न त कतै भाडाबारे टाँसिएको नै हुन्छ । यसले गर्दा यातायात व्यवसायीहरूले यात्रुसँग मनोमानी ढंगले भाडा उठाइरहेका छन् । आयल निगमले पटक-पटक पेट्रोल र डिजेलको मूल्य घटाइसकेको छ । तर, सरकार र यातायात व्यवसायीले सार्वजनिक यातायातको भाडा घटाएको छैन ।

आयल निगमले पेट्रोल र डिजेलमा थोरै मूल्यवृद्धि गर्नेबित्तिकै यातायात मन्त्रालय गाडी भाडा बढाइहाल्छ । मंगलबार अपराह्न १२ बजे नयाँबसपार्कमा दुई जना यात्रु गाडीको विषयमा गुनासो गर्दै थिए । गाडिभाडा दोब्बर बढाएको छ ।

लोकल गाडीमा सरकारले निर्धारण गरेको भाडादर एक किलोमिटरबाट पाँच किलोमिटरसम्म १९ रूपैयाँ छ । तर, यातायात व्यवसायीहरू यात्रुसँग चढ्नेबित्तिकै २५ रूपैयाँ असुल्छन् । दसैंमा सरकारले ठूलो गाडीको अग्रिम टिकट खुलाए पनि सानो गाडी (जम्बो हाइस, माइक्रोबस, टाटा सुमो) को खुलाएन ।

यात्रु गाडीमा गएर बस्दा सिट भाँच्चिएको हुन्छ । सिटको खोल फोहोर हुन्छ । झ्यालको सिसा फुटेको हुन्छ भने सहचालक, चालक पनि त्यस्तै फोहोरी हुन्छन् । सहचालक, चालकले यात्रुसँग राम्रो बोलीवचन र व्यवहार गर्नुपर्छ भनेर न सरकार सिकाउँछ न गाडी साहु । सर्वसाधारण जनता भाडाको गाडी चढेपछि सहचालक, चालकको व्यवहार देखेर दिक्क हुने गरेका छन् ।

यातायात व्यवसायीहरूले एउटै गाडीमा १० लाखदेखि ८० लाखसम्म लगानी गर्छन् । दिनहुँ पाँच हजारदेखि ५० हजारसम्म आम्दानी हुन्छ । तर, लगानी र आम्दानी दुवैको राजस्व सरकारलाई तिर्दैनन् । राज्यलाई तिर्नुपर्ने कर भने सुको तिर्दैनन् तर बाटो भने राम्रो नभएको भन्दै आक्रोश पोख्छन् । यातायात व्यवसायीको अघि सरकार लम्पसार परिसकेको छ ।

सर्वसाधारणको नाम लिएर यातायात व्यवसायी र सरकारको मिलेमत्तोम केही दिनअघि सूर्यविनायक-रत्नपार्क द्रुतबस सञ्चालनमा ल्याइयो । तर, सञ्चालनमा आएको एक महिना नबित्दै सो बस बन्द हुन पुगेको छ । यता, त्यो बस सञ्चालनमा ल्याउन बाटोमा मात्र तीन करोडको रङरोगन गरिएको बताइएको छ । तर, त्यो तीन करोड पनि यातायात मन्त्रालयदेखि यातायात व्यवस्था विभाग, सडक विभागका पदाधिकारी र यातायात व्यवसायीहरूले नै पचाए कि !

सरकार जसको आए पनि यातायात क्षेत्रमा सुधार गर्ने कुरा नारामा मात्रै सीमित भइहरेको छ । यातायातका समस्या समाधानमा भन्दा पनि व्यवसायीको प्रलोभनमा सरकार पर्दै आएको प्रस्ट हुन्छ । यही कारणले सर्वसाधारण आमनागरिकले सास्ती बेहोर्नुपरिरहेको छ । सार्वजनिक यातायात प्रयोग गर्ने जनताको पीडालाई सरकारले कम गर्न सकेको छैन । व्यवसायीको स्वार्थअनुकूलको नीति बनाउने तर यात्रुको सुविधा र सुरक्षामा ध्यान नदिने कार्य रोकिएको छैन । यसले गर्दा सर्वसाधारण यात्रु सधैं पीडित बनिरहँदा यातायात सञ्चालकहरूले फाइदा लिइरहेका छन् ।

त्यसो त सरकारले यातायात क्षेत्रको समस्या समाधान गर्ने भन्दै विभिन्न नीति ल्याउँछ । केही गरेजस्तो देखाउँछ । तर, वास्तविक समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्न ठोस कार्य गरेको देखिँदैन । जसकारण यातायात व्यवसायीहरूले मनोमानी गर्न पाएका छन् । सरकार नै व्यवसायीको सहयोगी बनेपछि कसको के लाग्छ र !

व्यवसाय गरेर सबैले खान पाउनुपर्छ । व्यवसाय गर्नै नपाउने भन्ने हुँदैन । तर, व्यवसाय पनि कानुनको परिधिभित्र हुनुपर्छ । व्यवसायीको पनि आचारसंहिता हुन्छ । त्यसको पालना गर्नुपर्छ । यहाँ त के कानुन, के आचारसंहिता ? जसको शक्ति र पहुँच छ उसैको मनोमानी चलिरहेको छ । जसको पहुँच छैन ऊ सधैं पीडित बनिरहनुपरेको छ । यातायात क्षेत्रमा वर्षौंदेखि गाँजिएर रहेको समस्या कहिले हट्ला ? कसले हटाउला ? यस्ता प्रश्नहरू अनुत्तरित बनिरहेका छन् र बनिरहने नै देखिन्छ ।

*- रञ्जन पौडेल, बसुन्धारा*

**जानकारी**

**अब य दनिकल हरक दिन पत्र-मञ्जषा तम्भ रू गरकाल पाठक वगहरूल आफूल चाहका विषय वत, रकारी निकायका काम कारबाही वा पत्रिकामा म्प्रषण भएका माचारका बारमा पत्र लख्न भएमा त्यलाइ जताका त्यत प्रकाशन हन जानकारी गराइन्छ ।**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

भूकम्पपीडितको गुनासो

# ‘त्रिपाल पनि पाएका छैनौं’

**त्रिवेणी (रुकुम पश्चिम)–** गत शुक्रबार जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ रेक्टरस्केलको भूकम्प गयो। भूकम्पले जाजरकोट र रुकुम पश्चिममा ठूलो मानवीयसँगै भौतिक संरचनामा क्षति पुर्‍याएको छ ।

भूकम्पबाट रुकुम पश्चिममा पनि ठूलै मानवीय क्षति भयो । हजारौं घरहरूमा पूर्णरूपमा क्षति पुग्यो । रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-१३ भल्माका ४१ वर्षीया हरिबहादुर ओलीको घर नि बस्नै नमिल्ने गरी भूकम्पले पूर्णरूपमा क्षति गर्‍यो। उनको घरमा क्षति गर्नुका साथै परिवारका चार सदस्य घाइते भएका छन् । घाइते हुनेमा हरिबहादुरसहित उनकी श्रीमती र दुई छोरा छन् ।

भूकम्पले भत्काएको घरमा आफूसहित पूरै परिवार पुरिएको हरिबहादुरले सुनाए । ‘मरिन्छ कि भन्ने लागेको थियो धन्न बाँचियो । स्थानीयवासीले राति नै उद्धार नगरेको भए मेरो सबै परिवार सकिने थियो । स्थानीयवासीले तत्काल पुरिएको घरबाट निकाले अनि बाँच्न सफल भइयो,’ उनले भने ।

उपचारका लागि चारै जनालाई नगर अस्पताल राडी पुर्‍याएको थियो । अस्पतालमा दुई दिनसम्मको उपचार गरेपछि डिस्चार्ज भएको ओलीले बताए। घर फर्किएपछि सरकारले दिएको राहतको नाममा एउटा त्रिपालबाहेक अन्य कुनै सामग्री नपाएको उनले गुनासो गरे ।

‘राहतको नाममा त्रिपाल आयो । एउटा घरमै त्रिपाल थियो । अहिले राहतको आशमा त्रिपालमुनि बसिरहेका छौं। चिसो बढेकाले रात कटाउन निकै मुस्किल भइरहेको छ,’ ओलीले भने, ‘अन्य कुनै राहत सामग्री अहिलेसम्म पाएका छैनौं । राहतको पर्खाइमै छौं । पालिकामा धेरै सामग्री आएको छ भन्ने सुन्छु । हामीले त त्रिपालबाहेक केही आएका छैनौं ।’ घर नजिकै पसल भएकाले उधारोमा चामल, दाल, तेल, नुन लिएर खाइरहेको उनले बताए ।

‘राहत वितरण गरेको तीन दिन भइसक्यो केही अत्तोपत्तो छैन । अहिले पनि भूकम्पको त्रास गरेको छ । शुक्रबार एक्कासि भूकम्प आयो केही थाहा भएन,’ ओलीले बुधबार भने, ‘सुरुमा कसैले बम हानेको होकी जस्तो लाग्यो । पछि घर पुरिएर चेपिएपछि थाहा भयो, भूकम्प आएको रहेछ ।’

वडामै नौ जनाको मृत्यु भएको हुँदा आफ्नो घर पूर्णरूपमा क्षति भए पनि परिवार बाँच्न सफल भएकोमा खुसी लागेको उनले सुनाए। वडा नं १३ मामात्रै ४३० घर पूर्णरूपमा क्षति भएका वडा कार्यालयले जनाएको छ ।

एक सय १७ घर आंशिक क्षति भएको र ५५ घर सामान्य क्षति भएको वडासचिव चक्रबहादुर डिसीले जानकारी दिए । उनका अनुसार पूर्णरूपमा क्षति भएका घरपरिवारका लागि त्रिपालमात्रै आएको र अन्य खाद्यान्न सामग्री आइनसकेको उनले बताए ।

‘आंशिक क्षति भएकाले भने त्रिपालसमेत पाएका छैनन् । पालिकाबाट राहत सामग्री आएपछि वितरण गर्ने छौं,’ डिसीले भने । उनका अनुसार मृतकका परिवारले २५ हजार रूपैयाँ किरिया खर्चसहित खाद्यान्न सामग्री पाइसकेका छन् ।

राहत वितरणको काम भइरहे पनि सबै ठाउँमा राहत वितरण गर्न नसकिएको नगरप्रमुख रवि केसीले स्वीकार गरे । भूकम्पमा परी रुकुम पश्चिमका ५२ जनाको मृत्यु भएको थियो भने भौतिक संरचना पनि ठूलो क्षति पुगेको छ । *रासस*

# निकुञ्जको सुरक्षामा कडाइ

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जले चाडपर्वका समयमा चोरी सिकार हुनसक्ने जनाउँदै सुरक्षा व्यवस्थामा कडाइ गरेको छ । निकुञ्जले चाडपर्वमा विशेष सुरक्षा व्यवस्था मिलाएको हो। तिहार, छठजस्ता पर्वको समयमासमेत सुरक्षामा कडाइ गरिने निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले बताए ।

निकुञ्जमा डुंगा गस्तीको संख्या थप गरिएको छ । तत्काल परिचालन हुनका लागि विशेष टोली तयारी अवस्थामा राखिएको उनले बताए । निकुञ्जको ६७ वटा सुरक्षा पोस्टमा नेपाली सेना, निकुञ्ज कर्मचारी तथा अन्य सुरक्षा संयन्त्रले काम गरिराखेको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए ।

‘त्यसैगरी हात्तीमा गस्ती, घुमुवा गस्तीसहितको व्यवस्था मिलाएका छौं,’ उनले भने, ‘कार्यालयमा अन्य कर्मचारी पनि आलोपालो गरी बिदामा जानेगरी व्यवस्था मिलाइएको छ ।’ निकुञ्जमा पैदल, साइकल, जीप, हात्ती, डुंगालगायतबाट नियमित गस्ती गर्ने गरिन्छ । यसका अतिरिक्त रात बिताउनेगरी संवेदनशील ठाउँमा गस्ती गर्ने गरिएको छ । यसलाई ‘एम्बुस’ नाम दिएर परिचालन गरिएको छ। निकुञ्जभित्र मानिसको चहलपहल धेरै हुने ठाउँमा लुकाएर क्यामरा राख्ने गरिएको छ ।

निकुञ्जका ठाउँठाउँमा सिसी क्यामरा र स्पाइ क्यामरा राखिएको छ । निकुञ्जमा विश्वमा नै दुर्लभ एकसिंगे गैँडा, पाटेबाघ, नीलगाई, घडियाल गोही, हात्तीलगायतका जनावर रहेका छन् । पछिल्ला दिनमा जंगली ध्रुवे हात्तीले माडी र भरतपुरका राप्ती नदी किनारका बस्तीमा दुःख दिन थालेपछि दुर्घटना नहोस् भन्नका लागि सजगता अपनाइएको उनले जानकारी दिए । *रासस*

# जोखिममा परेका एक हजारभन्दा बढीको उद्धार

**सुदूरपश्चिम (प्रस)–** मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अभियान सञ्चालन गर्दै आएको शान्ति पुनःस्थापना गृहले पछिल्लो वर्ष बेचिने जोखिममा परेका एक हजार ४६३ महिला तथा बालबालिकालाई उद्धार गरेको छ।

धनगढीमा मंगलबार आयोजित कार्यक्रममा सार्वजनिक गरिएको तथ्यांकअनुसार विभिन्न प्रलोभनमा परी बेचिने जोखिममा भारतसहित अन्य मुलक पुगेका ८७ व्यक्तिलाई उद्धार गरेर ल्याइएको जानकारी दिइयो । तीमध्ये कतिपयलाई बिदेशबाट र अन्य कतिपयलाई नेपाल-भारत सीमा नाकाबाट उद्धार गरिएको पुनःस्थापना गृहका क्षेत्रीय संयोजक सन्जित सिंहले बताए ।

‘निरक्षर महिलालाई विभिन्न प्रलोभन दिएर ललाइफकाइ भारतसहित विभिन्न मुलुकमा पुऱ्याउने घटना भइरहेका छन्,’ उनले भने, ‘बेचिनेमा खासगरी एकल, निरक्षर र बेरोजगार महिला बढी छन् ।’ विभिन्न प्रलोभन दिएर ललाइफकाइ निरक्षर महिलालाई बेचबिखनको फन्दामा पार्नेमा गिरोह नै सक्रिय रहेको जानकारी दिइयो।

सो अवधिमा प्रहरीको रोहवरमा एक हजार ४४९ जनालाई सम्बन्धित परिवारमा हस्तान्तरण गर्नाका साथै २६ हजार ९८७ महिला तथा बालबालिकालाई परामर्श दिइएको बताइएको थियो । उक्त संस्थाको अध्ययनअनुसार फोन तथा इन्टरनेटको सहज पहुँच बढ्दा नेपालमा पछिल्ला वर्षमा मानव बेचबिखन अपराधका नयाँ घटनाहरू देखिन थालेका छन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINA UNICORN TRADING & CONTRACTING CO. W.L.L
पूर्व स्वीकृति मिति २०७८/१०/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 257157 चलानी नं. ६०१८३९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४३,८३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 50 | 0 | 1000 | ३६,५२५ | | | | | | | |
| 3 | Mason | 20 | 0 | 1200 | ४३,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUTHERN PACKAGING SDN BHD शहर : Pahat पुन विज्ञापन
पूर्व स्वीकृति मिति : २०२२/०७/११ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/०८ LT. No. 267196 चलानी नं. ६०१८३१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOUTHERN CORRUGATED SDN. BHD. शहर : Kapar पुन विज्ञापन
पूर्व स्वीकृति मिति : २०२२/०७/०७ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/०८ LT. No. 266823 चलानी नं. ६०१८२८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर १ गते (17th Nov. 2023) मा हुनेछ ।

कम्पनी : HANG TUAH FURNITURE SDN BHD शहर : Negeri, Sembilan पुन विज्ञापन
पूर्व स्वीकृति मिति : २०२२/०७/२४ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/०८ LT. No. 267886 चलानी नं. ६०१८३७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturings | 30 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HANG TUAH FURNITURE SDN BHD शहर : Negeri, Sembilan पुन विज्ञापन
पूर्व स्वीकृति मिति : २०२२/०७/२४ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/०८ LT. No. 267886 चलानी नं. ६०१८३७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturings | 30 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUSHI MENTAL PUCHONG SDN BHD.
पूर्व स्वीकृति मिति २०७९/०४/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 267981 चलानी नं.६०१८३९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 30 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QIMMA SHAR TRADING COMPANY IS A ONE PERSON COMPANY WITH LIMITED LIABILITY
पूर्व स्वीकृति मिति : २०८०/०७/१९ LT. No. 294500 चलानी नं.:६०२०९८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH
पूर्व स्वीकृति मिति : २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 258721 चलानी नं.:६०१८३०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 100 | 0 | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : P G S GENERAL SECURITY GUARD SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०७९/०६/04 पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 272216 चलानी नं. ६०१८८००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 5 | 1500 | ५२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN GULF SECURITY SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०७८/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 260310 चलानी नं.६०१७७८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1600 | ५७,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LENCHONG METAL WORKS SDN. BHD.
पूर्व स्वीकृति मितिः२०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 269263 चलानी नं. ६०१८५१८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RBOUA AL SOMAN CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 286559 चलानी नं. ६०२०२०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 2 | 0 | 1800 | ६३,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,८०५ | | | | | | | |

कम्पनी : OMAR BIN AHMED BIN MOHAMMED AL MOHSEN GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ LT. No. 288051 चलानी नं. ६०२०३३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 8 | 0 | 1000 | ३५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक






## 'दिमाग खराब'लाई उच्च शो

'दिमाग खराब' आगामी शुक्रबारदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो। तिहारको अवसर पारेर एकल प्रदर्शनमा आउन लागेको फिल्मबारे चलचित्र क्षेत्रमा चासो छ। निश्चल बस्नेतको ६ बर्षपछि निर्देशनमा कमब्याक फिल्म स्टार कलाकारको अभिनय रहेको फिल्म पनि हो। उक्त फिल्मलाई देशका प्रमुख मल्टिप्लेक्स हलहरूले शोहरू उपलब्ध गराउँदै एड्भान्स बुकिङ खुलाएका छन्। फिल्मले देशभरका मल्टिप्लेक्सहरूमा डेढ सय बढी शोज प्राप्त गरेको छ। फिल्मलाई देशको ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले काठमाडौं उपत्यका र उपत्यकाबाहिर गरी ५८ शोज दिएको छ।



बिहीबार, २३ कात्तिक २०८० (Thursday, November 9, 2023)

# क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार डा. लम्साललाई

■ प्रभाव संवाददाता



**दमौली–** गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँद्वारा स्थापित क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार साहित्यकार एवं सञ्चारकर्मी डा नवराज लम्साललाई प्रदान गरिने भएको छ। प्रतिष्ठानले यस वर्षको उक्त पुरस्कार डा लम्साललाई अर्पण गर्ने निर्णय गरेको हो।

प्रतिष्ठानले हरेक वर्ष स्थापना दिवसको सन्दर्भ पारेर सो पुरस्कार प्राप्त गर्ने स्रष्टाको नाम घोषणा गर्ने गरेको छ। क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कारको राशि रु २५ हजार रहेको छ। संस्थाको नियमित बैठकमा यस वर्ष प्रदान गरिने पुरस्कार र पुरष्कृत स्रष्टाको नाम पुरस्कार छनोट समितिले संस्थालाई उपलब्ध गराएको संस्थाका अध्यक्ष आकाश अधिकारीले जानकारी दिए।

त्यसैगरी गीतल राष्ट्रिय पुरस्कार-२०८०, तिला लेकाली (मोरङ) लाई प्रदान गर्ने निर्णय गरिएको छ। उक्त पुरस्कारको राशि रु १० हजार छ। गीतल प्रतिभा पुरस्कार-२०८० शोभासिंह ठकुरी (तनहुँ) लाई प्रदान गरिने भएको छ। उक्त पुरस्कारको राशि रु पाँच हजार छ।

मञ्चले विगत छ वर्षदेखि विभिन्न व्यक्तिलाई उक्त पुरस्कारबाट सम्मान गर्दै आएको छ। क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार भने गत वर्षदेखि प्रदान गर्न थालिएको थियो। पहिलो वर्ष उक्त पुरस्कार वरिष्ठ साहित्यकार डा रामप्रसाद ज्ञवालीलाई प्रदान गरिएको थियो।

# तिहारमा दुई कार्यक्रम गर्दै शैलेन्द्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** चर्चित हास्य कलाकार तथा कवि शैलेन्द्र सिम्खडाले यो तिहारमा दुई कार्यक्रम गर्ने भएका छन्। उनले काठमाडौं र पोखरमा गरेर दुई कार्यक्रम गर्न लागेको सामाजिक संजाल मार्फत जानकारी दिएका छन्। उनको पहिलो कार्यक्रम फोकस नेपालको आयोजनामा 'देउसी भैलो' हुनेछ। कात्तिक २४ गते राष्ट्रिय नाचघरमा आयोजना हुने कार्यक्रममा उनले आफ्नो प्रस्तुति मार्फत भ्रष्टहरूलाई सिस्नुपानी लगाउने बताएका छन्।

यो कार्यक्रममा सिम्खडालाई कमेडीमा राजा राजेन्द्र पोखरेल, सुवोध गौतम, प्रभात लामाले साथ दिदैछन्। रोहित कार्की र साथीहरूको समूहको देउसी भैलो प्रस्तुति समेत रहेन कार्यक्रममा बिभिन्न कला केन्द्रबाट नृत्यका साथै लोक तथा आधुनिक गायक गायिकाको प्रस्तुति पनि रहनेछ।

त्यस्तै कात्तिक २५ मा उनले पोखरामा आयोजना हुने '७औं दिपावली सांगीतिक साँझमा' प्रस्तुति दिनेछन्। यो कार्यक्रमको आफ्नो प्रस्तुति र सहयोगी भने सिम्खडाले उल्लेख गरेका छैनन्।

# अम्बिका र शंकरको 'भाव' र 'अनुपम यात्रा' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं (प्रस)–** गीतकार अम्बिका गुरुङको एकल शब्द र संगीतकार शंकर थापा 'स्माइल'को एकल संगीतमा रहेका दुई गीति संग्रह 'भाव' र 'अनुपम यात्रा' बिमोचन गरिएको छ।

राजधानीमा आयोजित एक समारोहका बिच दुई एल्वम एकसाथ बिमोचन गरिएको हो। प्रमुख अतिथी संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति, प्रतिष्ठित संगीतकार शम्भुजित बासकोटा, बिशिष्ठ अतिथीहरू संगीत उद्योग संघ, नेपालका अध्यक्ष सूर्य बहादुर मगर, गीतकार संघ नेपालका अध्यक्ष बसन्त बित्यासी थापा, संगीतकार संघ नेपालका उपाध्यक्ष अष्ट लामा, एल्मबमा श्रष्टाद्वय गीतकार गुरुङ र संगीतकार थापा, राष्ट्रिय लोक सांस्कृतिक संघ नेपालका महासचिव योगेन्द्र उपाध्याय, पीम नेपालका अध्यक्ष माधव राज खरेललगायतले संयुक्त रूपमा बिमोचन गरेका हुन्।

विमोचन समारोहमा बोल्दै प्रमुख अतिथी बासकोटाले संगीतकार थापा नेपाली गीतसंगीतको स्टार संगीतकार भएको बताए। उनले उत्कृष्ट संगीतसृजना मार्फत स्रोताहरूको मन जितेर नेपाली संगीतमा एकछत्र राज गरिरहेको भन्दै उनको प्रशंसा गरेका छन्। यस्तै गीतकार गुरुङलाई त्यागी गीतकारको उपमा दिदै बासकोटाले उनका सृजनाले नेपालीसंगीतलाई निरन्तर रूपमा सिंचित गरिरहेको बताए। यस्तै संगीत उद्योग संघ, नेपालका अध्यक्ष सूर्य बहादुर मगरले संगीतकार थापामा हरेक गीतलाई उत्कृष्ट बनाउन सक्ने क्षमता रहेको बताएका छन्। पहिले देखिनै आफुले सुन्दै आएका उनका सृजनामा उत्कृष्टता भेटिने बताउँदै उनले यसपटक पनि थापाले आफुलाई अब्बल सावित गरेको बताए। यस्तै गीतकार गुरुङ शब्दको खानी रहेको भन्दै उनले हरेक भावका गीतमा उत्कृष्ट शब्द रचना गर्न सफल भएको बताए।

यस्तै संगीतकार संघ नेपालका उपाध्यक्ष अष्ट लामाले आफु ब्यक्तिगत रूपमा पनि संगीतकार थापाको ठुलो प्रशंसक रहेको जनाए। बिभिन्न बिधाका गीतमा उनले उत्तिकै शशक्त रूपमा संगीत सृजना गर्ने गरेको उनको भनाई छ। उनले गीतकार गुरुङले बिदेशी भूमिमा रहेर पनि नेपाली संगीत प्रति देखाएको माया र सदभाबले सम्पूर्ण संगीतकर्मी गौरवान्वित भएको बताए। यस्तै गीतकार संघ नेपालका अध्यक्ष बसन्त बित्यासी थापाले विसम परिस्थितिमा पनि निरन्तर रूपमा संगीतमा लगानी गरेर गीतकार गुरुङले नेपाली संगीतमा महत्वपूर्ण योगदान दिएको जनाएका छन्। उनले पछिल्लो समय फिजिकल मार्केट कम हुँदै गर्दा पनि एल्वम प्रकाशन गरेर नेपाली संगीतलाई गीतकार गुरुङ र संगीतकार थापाले तिर्नै नसकिने गुन लगाएको बताए। एउटा गीतकारको भावलाई संगीतकारले जीवन दिने भन्दै उनले शब्दमा प्राण भर्न संगीतकार थापा जहिले सफल रहने गरेको जनाए।

कार्यक्रममा संगीतकार थापाले सार्वजनिक दुई एल्वमहरूको बारेमा प्रष्ट पारेका थिए। उनले अतिथीहरूले आफ्ना सृजना प्रति दिएको प्रतिक्रियाले आफु उत्साहित भएको बताए। उनले निरन्तर रूपमा आफुलाई विश्वास गरेर संगीत सृजनाको जिम्मेबारी दिने अम्बिका गुरुङ प्रति आभार प्रकट गरेका छन्। यस्तै गीतकार अम्बिका गुरुङले आफुले सयभन्दा बढी गीतमा संगीतकार थापासँग सहकार्य गरिसकेको जनाइन्। सयभन्दा बढी गीतमा सहकार्य गर्दै गर्दा आफुहरूको सहकार्यलाई कृतिका रूपमा एल्वममार्फत सार्वजनिक गरेको उनको भनाई छ। उनले शंकरको संगीत सृजना उत्कृष्ट रहने भएकैले निरन्तर रूपमा सहकार्य गरिरहेको जनाइन।

सार्वजनिक एल्बमहरू मध्ये 'भाव'मा यो मनले भन्छ, आँखा खोल्दा, सँग सँगै, आँखा नलागोस, मात्तिएको बेला, अजम्बरी पिरती, रूपको बयान, छड्के नजर, मायाको छु भोको र धेरै भाउ नखोज गरि १० वटा गीतहरू समावेश छन्। यस्तै 'अनुपम यात्रा'मा देखिन तिमी जस्तो कोही, सदियौं देखि, तिमी सँगै, भुल्न सकिन, कारण तिमी, तिमी टाढा, गुराँसैको फूल फुल्दा, बुझाउँ कसरी र कारण तिमी (फिमेल भर्सन) गरि ९ वटा गीतहरू समावेश छन्। सार्वजनिक दुबै एल्वमहलाई भावसागर इन्टरटेनमेण्ट एलएलसीले उत्पादन तथा बजार व्यवस्थापन गरेको हो।

दुई एल्वमका गरि पाँच वटा म्युजिक भिडियोहरू सार्वजनिक गरिएको समारोहमा बरिष्ठ चलचित्र सम्पादक नरेन्द्र खड्का, पहिलो महिला निर्देशक सुचित्रा श्रेष्ठलगायत एल्वमका गीतमा स्वर दिएका गायक गायिका तथा मोडलहरूको उपस्थिति रहेको थियो।

## रंगशाला

**यू-१९ एसिया कप क्रिकेट**

# नेपालको पहिलो खेल पाकिस्तानसँग

■ प्रभाव संवाददाता




**काठमाडौं–** यू-१९ एसिया कप क्रिकेट प्रतियोगितामा नेपालले आफ्नो पहिलो खेल पाकिस्तानसँग खेल्ने भएको छ। एसियाली क्रिकेट काउन्सिल (एसीसी) ले बुधबार प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको हो।

यू-१९ एसिया कप क्रिकेट संयुक्त अरब इमिरेट्स (यूएई) मा डिसेम्बर ८ देखि १७ तारिखसम्म आयोजना हुनेछ। प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ। उक्त समूहमा बलिया टोलीहरू छन्। त्यो समूहमा नेपालका अतिरिक्त भारत, पाकिस्तान र अफगानिस्तान रहेका छन्। यसैगरी प्रतियोगिताको समूह 'बी' मा बंगलादेश, श्रीलंका, जापान र आयोजक यूएई रहेका छन्। नेपालले आफ्नो पहिलो खेल डिसेम्बर ८ मा पाकिस्तानसँग खेल्नेछ। सोही दिन भारत र अफगानिस्तानबिच अर्को खेल खेलिने छ।

यसैगरी नेपालले दोस्रो खेल डिसेम्बर १० मा अफगानिस्तानसँग खेल्नेछ। सोही दिन अर्को खेल भारत र पाकिस्तानबिच हुनेछ। नेपालले तेस्रो खेल डिसेम्बर १२ मा भारतसँग खेल्नेछ। सोही दिन अर्को खेल पाकिस्तान र अफगानिस्तानबिच हुनेछ।

पहिलो चरणको खेलको समाप्तिपछि समूह समूहबाट अंक तालिकामा सबैभन्दा माथि रहने दुई–दुई टोली प्रतियोगिताको सेमिफाइनलमा पुग्नेछन्। दुबै सेमिफाइनल खेल डिसेम्बर १५ मा खेलिने छ। प्रतियोगिताको फाइनल खेल डिसेम्बर १७ मा खेलिने छ।

# जुडोको अन्तर्राष्ट्रिय कोचिङ सेमिनारमा देवकी

■ प्रभाव संवाददाता



**काठमाडौं –** जुडो खेलाडी देवकीमाया श्रेष्ठ जुडोस अन्तर्राष्ट्रिय जुडो कोचिङ सेमिनारमा सहभागी भएकी छिन्। जापानको हरतसुगासी कानागावास्थित टोकाइ विश्वविद्यालयमा एक महिनासम्म भएको सेमिनारमा देवकी सहभागी भएकी हुन्। सेमिनार एनपीओ जुडोसले आयोजना गरेको हो। सेमिनारका केही सेसन जापान कोदोकानमा पनि भएको थियो। जुडोको कोचिङलगायत विविध शिक्षा हासिल गर्ने क्रममा देवकीले जापानको विभिन्न डोजो, जुनियर हाइ स्कुल, सिनियर हाइ स्कुल, कलेज, विश्वविद्यालयहरूमा प्रशिक्षण गर्ने अवसर पाएकी थिइन्।

देवकीलाई एनपीओ जुडोसका मुख्य प्रशिक्षक मिसुमोटोलगायतले प्रशिक्षण दिएका थिए। गैर नाफामुलक संस्था एनपीओ जुडोसका अध्यक्ष ओलम्पिकका स्वर्ण विजेता कोसेई इनोइ हुन्।

अन्तराष्ट्रिय सेमिनारमा नेपालबाट जुडोमा सहभागी हुने देवकी पहिलो खेलाडी भएको नेपाल जुडो संघका सदस्य समेत रहेका बन्दी सहायता नियोग (पाम)का जुडो प्रमुख प्रशिक्षक सूर्यनारायण श्रेष्ठले बताए।

देवकी पाममै ७ वर्षको उमेरदेखि हुर्केकी हुन्। त्यहीबाट देवकीले सन् २००९ देखि जुडो खेल्न थालेकी थिइन्। देवकी हाल पाममा सहायक प्रशिक्षक छिन्। घरेलु प्रतियोगितामा देवकी एक पटक मात्र मनीता श्रेष्ठ प्रधानसंग फाइनलमा पराजित भएकी छिन्। मनीता पनि पामकै उत्पादन हुन्।

देवकीले हालै चीनको हाङझावमा भएको १९ औं एसियाली खेलकुदमा पनि प्रतिस्पर्धा गरेकी थिइन्। देवकीका दाइ इन्द्र र निशा पनि आ-आफ्नो तौलसमूहका जुडोकै राष्ट्रिय च्याम्पियन हुन्।

देवकीले सेमिनारबाट आफूले महत्वपूर्ण ज्ञान हासिल गरेको बताउदै आफूले सिकेको सिप अरुलाई पनि सिकाएर व्यवहारमा लागू गर्ने बताइन्। देवकीले सेमिनारमा सहभागिताको अवसर प्रदान गरेकोमा नेपाल जुडो संघलाई धन्यवाद दिदै एनपीओ जुडोसको पनि प्रशंसा गर्दै आभार व्यक्त गरिन्।

सूर्यनारायण श्रेष्ठले देवकीले हासिल गरेको ज्ञानबाट नेपाली जुडोलाई धेरै फाइदा पुग्ने बताए। उनले यस्ता तालिममा नेपालको सहभागिता नियमित हुन सकेको खण्डमा नेपाली जुडोको विकासमा समेत टेवा पुग्ने उल्लेख गरे।

**वीर गणेशमान सिंह राष्ट्रिय टेनिस**

# अभिलाषा र प्रकृति फाइनलमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिलाषा विष्ट र प्रकृति श्रेष्ठ तेश्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको महिला सिंगल्र्समा फाइनलमा प्रवेश गरेका छन्। वीर गणेशमान सिंह फाउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीद्वारा संयुक्त आयोजित प्रतियोगितामा बुधबार सेमिफाइनलमा अभिलाषाले माहिका राणालाई ७-५ र ६-२ तथा प्रकृतिले शुभाङगीलक्ष्मी शाहलाई ४-६, ६-३ र ६-० को सेटमा पराजित गरे।

पुरुष डबल्समा प्रदीप खड्का र निहालजंगबहादुर थापाको जोडीले स्वर्ण जिते। उक्त जोडीले फाइनलमा सक्षमविक्रम शाह र प्रितम परियारको जोडीलाई ४-६, ६-४ र १०-१ ले हराए। भेट्रान ६५ वर्षमाथि पुरुष सिंगल्र्सको फाइनलमा कमल थापाले विदुर विष्टलाई ४-१ र ४-० ले पराजित गर्दै शीर्ष स्थान हात पारे।

भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्र्समा जितेन्द्र परियारले सन्तोष खत्रीलाई ६-२, ७-६९३० तथा कमलबहादुर भण्डारीले सिमान्त गुरुङलाई ६-३ र ६-२ ले पाखा लगाउदै फाइनलमा स्थान पक्का गरे। ४५ वर्षमाथि पुरुष सिंगल्र्समा महेश श्रेष्ठले विमलकुमार गुरुङलाई ६-२ र ६-२ को सोझो सेटमा पन्छ्याउदै सेमिफाइनलमा पुगे। ४५ वर्षमाथि पुरुष डबल्समा रोहित सुनुवार र यज्ञबहादुर भण्डारीको जोडीले डेगेन्द्र श्रेष्ठ र चन्द्र शाहीको जोडीलाई ६-४ र ६-४ को सोझो सेटमा निराश पार्दै फाइनल यात्रा तय गरे।

### सरालाई दोहोरो स्वर्ण

प्रतियोगिताअन्तर्गत जुनियरमा सरा पन्तले दोहोरो स्वर्ण जितिन्। बुधबार सराले यु-९ र यु-१० गर्ल्स सिंगल्र्समा स्वर्ण जितेकी हुन्।

सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको यु-९ फाइनलमा सराले थिअ श्रेष्ठलाई ४-० र ४-१ ले पराजित गरिन्। अर्को फाइनलमा सराले अनुश्री धोजुमाथि ६-२ र ७-६ को जित दर्ता गरिन्। यु-१० ब्वाइज सिंगल्र्स फाइनलमा विश्वविशेष डल्लाकोटीले सुजन कुइकेललाई ६-३ र ६-३ ले हराउदै पहिलो भए। यु-१२ गर्ल्स सिंगल्र्समा शिभाली गुरुङले साल्भी महर्जनलाई ६-१ र ६-० को सोझो सेटमा पाखा लगाउदै शीर्ष स्थानमा कब्जा गरिन्। यु-१४ ब्वाइज सिंगल्र्स फाइनलमा वृजेश अर्यालले बोरिस अधिकारीलाई ६-२ र ६-३ ले पन्छ्याउदै शीर्ष स्थानमा रहे।

ब्वाइज डबल्समा वृजेश अर्याल र साश्वत वज्राचार्यको जोडीले अर्याश झा र सौर्य झाको जोडीलाई ६-० र ६-० तथा अद्रिन थापा र दीर्घायु लामाको जोडीले रनिश श्रेष्ठ र युभेनमान श्रेष्ठको जोडीलाई ६-१ र ६-३ को सेटमा पराजित गर्दै स्वर्ण भिडन्त पक्का गरे। गर्ल्स डबल्समा स्वस्तिका विष्ट र मेरिशा थापाको जोडीले अभ्नी क्षेत्री र नताशा गुप्ताको जोडीलाई ६-० र ६-० तथा रोज राई र प्रज्ञा वज्राचार्यको जोडीले तभिसी राणा र लुनिभा शाक्यको जोडीलाई ६-४ र ६-३ ले हराउँदै फाइनलमा स्थान सुरक्षित गरेका छन्।

# अमेरिकासँग 'सबै तहमा' सम्बन्ध सुधार गर्न चीन तयार छ : उपराष्ट्रपति

**सिंगापुर–** चीनका उपराष्ट्रपति हान झेङले बुधबार अमेरिकासँग 'सबै तहमा' कुराकानी गर्न चीन तयार रहेको बताएका छन् । आगामी साता सान फ्रान्सिस्कोमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र उनका अमेरिकी समकक्षी जो बाइडेनबीच अपेक्षित शिखर सम्मेलन हुनुभन्दा अघि उनको यस्तो धारणा आएको हो ।

सिंगापुरमा ब्लुमबर्ग न्यु इकोनमी फोरममा उपराष्ट्रपति झेङले बेइजिङ र वासिङ्टनबीच हालैको उच्चस्तरीय बैठकहरूले सम्बन्धमा सुधार भइरहेको 'सकारात्मक संकेत' दिएको बताए । 'हामी सबै तहमा अमेरिकासँग सञ्चार र संवादलाई सदृढ बनाउन, पारस्परिकरूपमा लाभदायक सहयोगलाई अघि बढाउन, मतभिन्नताहरूलाई उचितरूपमा व्यवस्थापन गर्न र संयुक्तरूपमा वैश्विक चुनौतीहरूको समाधान गर्न तयार छौं,' उनले भने।

निर्यात नियन्त्रण, मानवअधिकार र राष्ट्रिय सुरक्षालगायत थुप्रै मुद्दामा वासिङ्टन र बेइजिङबीचको सम्बन्ध हालैका वर्षमा उनीहरूको सबैभन्दा निम्तस्तरमा पुगेको छ । तर दुवै पक्ष कुराहरू मिलाउन इच्छुक रहेको देखिन्छ । वासिङ्टनले सञ्चारलाई सुदृढ बनाउन यसै वर्ष थुप्रै शीर्ष अधिकारीहरूलाई बेइजिङ पठाएको छ ।

अमेरिकी राष्ट्रपति बाइडेनले 'रचनात्मक' वार्ताका लागि आगामी साता सान फ्रान्सिस्कोमा शिखर सम्मेलनका अवसरमा चिनियाँ नेता सीसँग भेट हुने आफूले अपेक्षा गरेको बताएका छन् । यद्यपि, अमेरिका-चीन सम्बन्धको प्रश्नले 'मानवताको भविष्यमा निर्भर गर्छ' भन्ने राष्ट्रपति सीको विचारलाई उपराष्ट्रपति झेङले बुधबार दोहोऱ्यासँगै बेइजिङले शिखर बैठकको पुष्टि गर्न बाँकी छ । उनले भने, 'दुई मुलुकले आफूलाई विकसित गर्न र समृद्ध गर्नका लागि विश्व ठूलो छ ।' *रासस⁄एएफपी*

# गाजा विषयमा जी–७ को साझा धारणाको खोजी

**टोक्यो–** जी–७ का विदेशमन्त्रीहरूले बुधबार इजरायल-हमास युद्धमा साझा सहमति बनाउन माग गरेका छन् । उनीहरूले रुससँगको युद्धमा युक्रेनका लागि आफूहरूको समर्थनमा कुनै कमी नहुने वाचा गरेका छन् । मन्त्रीहरूले टोक्योमा संयुक्त विज्ञप्ति जारी गरेर गाजामा 'मानवीय बिराम' को आह्वान गर्ने तर युद्धविरामको आग्रह नगर्ने अपेक्षा गरिएको थियो ।

आफ्नो पछिल्लो व्यस्त मध्यपूर्वको भ्रमणबाट बैठकमा पुगेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले मंगलबार जी–७ सँग गाजा संघर्षका बारेमा 'एउटै स्पष्ट आवाज' मा बोल्न आग्रह गरे । जापानी विदेशमन्त्री योको कामिवाकाले मंगलबार राति पर्याप्त र निरन्तर मानवीय सहायताको पूर्वसर्तका रूपमा जी–७ का विदेशमन्त्रीहरूलाई सम्बन्धित मुलुकहरूबाट मानवीय बिराम गर्न र मानवीय पहुँच सुनिश्चित गर्नका लागि आह्वान गर्नुपर्ने आवश्यकता रहेको बताए ।

एक कूटनीतिक स्रोतले गाजामा मानवीय आपत्काललाई ध्यानमा राख्दै प्यालेस्टिनी नागरिकका लागि मानवीय हेरचाह तुरुन्तै विस्तार गर्न आवश्यक छ भन्ने विषयमा मन्त्रीहरूबीच व्यापक एकता थियो भनेको छ । स्रोतका अनुसार छलफलमा मानवीय बिरामका बारेमा 'रचनात्मक आदानप्रदान' भएको थियो भने गाजाको भविष्य र संघर्षलाई बढ्नबाट कसरी रोक्ने भन्नेबारे जी–७ र यस क्षेत्रका अन्य मुलुकहरूबीच छलफलको आवश्यकता महसुस गरिएको थियो ।

युक्रेन युद्धमा जी–७ किएभलाई 'बलियो समर्थन' जारी राख्ने र रुसमाथि 'गम्भीर प्रतिबन्ध' लगाउने आफ्नो संकल्पमा 'एकताबद्ध' रहेको जापानले बैठकपछि बुधबार बताएको छ । 'मध्यपूर्वमा तनाव बढिरहेको भए पनि युक्रेनलाई समर्थन गर्ने हाम्रो दृढ प्रतिबद्धता कहिल्यै डगमगाउने छैन भन्ने स्पष्ट सन्देश अन्तर्राष्ट्रिय समुदायलाई पठाउनका लागि जी–७ एकताबद्ध हुनु महत्त्वपूर्ण छ,' जापानी विदेशमन्त्री कामिकावाले भने । *रासस⁄एएफपी*

# इन्टरनेट र फोन सेवाबाट एक करोड अस्ट्रेलियाली वञ्चित

**सिड्नी–** मुलुकको सबैभन्दा ठूलो सञ्चार कम्पनीमध्येको एउटा कम्पनीमा अज्ञात अवरोधका कारण बुधबार एक करोडभन्दा बढी अस्ट्रेलियाली इन्टरनेट र फोन सेवाहरूबाट वञ्चित भएका छन् । उक्त रहस्यमय गडबडीका कारण इलेक्ट्रोनिक भुक्तानी प्रणाली क्षतिग्रस्त हुँदा एम्बुलेन्स र प्रहरीले प्रयोग गर्ने फोन लाइन अवरुद्ध भए भने मुलुकको सबैभन्दा ठूलो सहर मेलबर्नमा भीडभाड हुने रेलहरू केही समयका लागि रोकियो ।

सिंगापुरको दूरसञ्चार कम्पनी सिंगटेलको सहायक कम्पनी अप्टसले बुधबार दिउँसो 'केही' सेवाहरू पुनःस्थापित गरिएको बताएको छ । यद्यपि उसले गडबडीको कारणबारे बताउन सकेको छैन । 'हाम्रो टोलीले अहिले पनि सम्भावित मार्गमा काम गरिरहेको छ, हामीसँग धेरै परिकल्पना थिए र अहिलेसम्म हामीले जति परीक्षण गऱ्यौं र नयाँ कार्य गरचौं तिनीहरूले मूल समस्याको समधान गर्न सकेका छैनन्,' कम्पनीका प्रमुख कार्यकारी केली बेयर रोजमरिनले राष्ट्रिय प्रसारक एबिसीलाई भने, 'मूल समस्या र पुनःस्थापनाको समय थाहा भएपछि हामी चाँडोभन्दा चाँडो सबैलाई अपडेट गराउने छौं ।' *रासस⁄एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMAN MEDICAL & HEALTH CARE

पूर्व स्वीकृति मिति २०८०/०४/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 290253 | चलानी नं. ६०२०५६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 7 | 4200 | १५३,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIRKMGHANI

पूर्व स्वीकृति मिति २०७८/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 260508 | चलानी नं. ६०१७६७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 7 | 0 | 1500 | ५०,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 2 | 0 | 1000 | ३३,६०५ | | | | | | | |
| 3 | Juice Maker | 1 | 0 | 1200 | ४०,३२५ | | | | | | | |
| 4 | Labourer | 3 | 0 | 1000 | ३३,६०५ | | | | | | | |
| 5 | Supervisor | 1 | 0 | 2500 | ८४,०१० | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 1400 | ४७,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLANT TECH ARABIA CO. LTD.

पूर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ | LT. No. 286933 | चलानी नं. ६०२०२२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 8 | 0 | 1800 | ६३,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fitter | 4 | 0 | 1300 | ४५,८०५ | | | | | | | |
| 3 | Scaffolder | 2 | 0 | 1300 | ४५,८०५ | | | | | | | |
| 4 | Truck Driver | 2 | 0 | 1800 | ६३,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७

**HYHIRE INTERNATIONAL PVT. LTD.**

(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODERN FAMILY FOOD SUPPLIES

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 294660 | चलानी नं. ६०२०९९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1200 | ४३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFINA DELIVERY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | LT. No.294823 | चलानी नं.६०२०९९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 85 | 0 | 140 | ६०,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABEER AYIDH THAQAL AL OTAIBI BARBER SHOP

पूर्व स्वीकृति मिति २०८०/०७/१६ | LT. No. 294662 | चलानी नं.६०२०९६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 3 | 0 | 1500 | ५३,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० देखि मंसिर ५ गते (16-21 Nov. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGICAL TOUCH SPA FOR MEN (K B HEALTH INSTITUTE COMPANY FOR MEN)

पूर्व स्वीकृति मिति : २०८०/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२२ | LT. No. 290887 | चलानी नं.६०२०६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Therapist Masseur | 19 | 0 | 150 | ६४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-ROKBAN READY MIX FACTORY

पूर्व स्वीकृति मिति: २०८०/०७/२२ | LT No. 294820 | चलानी नं.६०२०९९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३० गते (16th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Govt. License 1553/079/80

Gaurinagar-7, Chabahil, Kathmandu, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११४७०० | प्रति तोला – ११४५० | प्रति तोला – १३८५ |



**लाग्यो तिहार** | काठमाडौंको असन बजारमा तिहारका लागि चाहिने सामग्री किनमेल गर्दै सर्वसाधारण।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# प्राधिकरणले काट्यो २१ हजार ग्राहकको बिजुली

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत प्राधिकरणले समयमा विद्युत् महशुल नतिर्ने २१ हजार ग्राहकको लाइन काटेको छ। प्राधिकरणले विद्युत् महशुल बक्यौता असुलीलाई देशभरि अभियानकै रूपमा चलाइरहेको छ। विद्युत् लाइन काटेर करिब ५० करोड रूपैयाँ असुल गरिएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले तिहारपछि वक्यौता असुलीलाई अझै सशक्त बनाइने बताए। असूलउपर गर्नुपर्ने विद्युत् महशुल बक्यौता बृद्धि हुँदै गएपछि प्राधिकरणका देशभरिका वितरण केन्द्रहरूले महशुल नतिर्ने ग्राहकहरूको लाइन काटिरहेका छन्।




विद्युत महशुल संकलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औं दिनदेखि थपदस्तुर आकर्षित हुने व्यवस्था छ। मिटर रिडिङ भएको मितिले १६औं दिनदेखि ३०औं दिनसम्म ५ प्रतिशतका दरले र ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थपदस्तुर लाग्ने प्रावधान छ। मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत महशुल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि विलको २५ प्रतिशतका दरले थपदस्तुर लाग्ने व्यवस्था छ।

यसरी २५ प्रतिशतका दरले थपदस्तुर लागेको ६०औं दिनसम्म पनि बक्यौता महशुल नबुझाएमा लाइन काट्ने व्यवस्था छ। लाइन काटेको ६ महिनासम्म पनि बक्यौता महशुल नबुझाउने उपभोक्ताहरूलाई कालोसूचीमा राखी असूली प्रक्रिया अगाडि बढाउने प्रावधान छ।

विनियमावलीको यही प्रावधानको आधारमा मिटररिडिङ भएको मितिले ६०औं दिनसम्म पनि बक्यौता विद्युत महशुल भुक्तान नगर्ने उपभोक्ताहरूको चरणबद्धरूपमा विद्युत लाइन काटी बक्यौता महशुल असूलउपर गर्ने रणनीति लिइएको प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए। उनले तिहारपछि लाइन काट्ने कामलाई अझै तिब्रताका साथ अगाडि बढाइने भएकाले समयमै महशुल तिरी सजक र जिम्मेवार बन्न ग्राहकहरूलाई आग्रह गरे।

# नेपाल-कोरिया साझेदारीमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल र दक्षिण कोरियाबीचको बढ्दो व्यापार असन्तुलन कम गर्न द्विपक्षीय लगानीसम्बन्धी साझेदारीमा जोड दिएका छन्। नेपाल कोरिया लगानी सम्मेलनलाई सम्बोधन गर्दै ढकालले कोरियाबाट नेपालतर्फ हुने आयातको तुलनामा नेपालको निर्यात निकै कम रहेकाले व्यापार सन्तुलनका लागि नेपालमा कोरियाली लगानी आवश्यक छ भने।

ऊर्जा, पर्यटन, कृषि प्रशोधन र आइसिटीजस्ता क्षेत्रमा लगानी साझेदारी बढाउन सकिने भन्दै अध्यक्ष ढकालले यी क्षेत्रहरू नेपाली अर्थतन्त्रको मेरुदण्ड रहेको पनि उल्लेख गरे। नेपालमा तीन सय ५० भन्दा बढी कोरियाली उद्यम रहेका जानकारी दिँदै उनले कोरियाका लागि नेपाल एक आकर्षक लगानी गन्तव्य भइसकेको पनि स्पष्ट गरे।

नेपालमा अत्याधुनिक कोरियाली प्रविधि भित्र्याएर नेपालको प्राकृतिक स्रोत तथा जनशक्तिको उपयोगबाट लाभ लिन सकिने अध्यक्ष ढकालको सुझाव थियो।

अध्यक्ष ढकालले कोरियाली लगानी विस्तार हुँदा कोरियालाई दक्षिण एसिया क्षेत्रकै व्यापारमा सहयोग पुग्ने र नेपालले विकासोन्मुख देशका रूपमा अर्थतन्त्रलाई विविधीकरण गर्न कोरियासँगको साझेदारी महत्वपूर्ण हुने तर्क गरे।

केही नेपाली बैंक कोरियामा शाखा सञ्चालनका लागि स्वीकृतिको पर्खाइमा रहेको जानकारी दिँदै औपचारिक र सहज बैकिङ्ग कारोबारले व्यापार र लगानी बढाउन सहयोग पुग्ने हुँदा त्यसलाई सकेसम्म छिटो टुंग्याउन उनको आग्रह थियो।

अध्यक्ष ढकालले कोरियामा धेरै नेपाली काम गर्ने भएकाले नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षामा संयुक्त लगानीका अवसरहरू रहेका भन्दै कोरियाली लगानीकर्तालाई नेपालमा लगानी भित्र्याउन आग्रह गरे।

# चिनी मिल सञ्चालन हुने भएपछि उखुखेतीमा बढ्यो आकर्षण

■ प्रभाव संवाददाता

**भजनी (कैलाली)–** बर्दियाको राजापुरमा चिनी मिल सञ्चालनको तयारी थलिएपछि किसान उखुखेतीतर्फ आकर्षित भएका छन्। राजापुर सुगर एण्ड केमिकल्स इन्डस्ट्रिज प्रालिले राजापुर नगरपालिका-५ बदालपुरमा उखु मिल सञ्चालनको तयारी थालेको छ। उखु मिल सञ्चालन हुने थाहा पाएपछि किसान उखुखेती विस्तारमा लागेका हुन्।

कैलालीको टीकापुरका धनसिंह साउदले चिनी मिल सञ्चालन हुने भएपछि उखुखेती सुरु गरेको बताए। 'मिल सञ्चालकसँग समन्वय गरेर उखुखेती सुरु गरेका छौं,' उनी भन्छन्, 'मिल सञ्चालन भए उखु खेती थप विस्तार गर्ने योजना छ।'

राजापुर सुगर एण्ड केमिकल्स प्रालिका प्रबन्धक निर्देशक यज्ञबहादुर ओलीले आगामी वर्ष मिल सञ्चालन गर्ने गरी काम भइरहेको बताए। 'किसानलाई उखु खेतीका लागि आग्रह गरेका छौं', उनले भने, 'उखु उत्पादनसँगै मिल सञ्चालनको पनि काम भइरहेको छ।' कम्पनीले २० बिघा जग्गा खरिद गरेर काम थालेको छ। मिल सञ्चालन गर्न रु दुई अर्बभन्दा बढी लागत लाग्ने अनुमान कम्पनीको छ। मिल पूर्णरूपमा सञ्चालन गर्नका लागि पाँच हजारदेखि छ हजार बिघामा उखुखेती आवश्यक पर्ने निर्देशक ओली बताउनुहुन्छ। मिल सञ्चालनमा आए पाँच सयभन्दा बढी जनाले प्रत्यक्षरूपमा रोजगारी पाउनेछन्।

बाढी र डुबानका कारण अन्य खेतीको उत्पादन राम्रो नहुँदा चिन्तित किसान चिनी मिलले खेती बाँझो नहुने भन्दै आशावादी बनेका छन्। 'बलौटे माटोमा उत्पादन केही हुँदैन। वर्षात्को समयमा बाढीले लगाएको बर्खेबाली पनि नष्ट गर्छ', राजापुर-८ का धर्मचन्द्र चौधरीले भने। अर्का किसान सुरेन्द्र चौधरीले राजापुरमा चिनी मिल सञ्चालन भए बर्दियाका किसानले मात्रै नभई कैलालीकाले लाभ लिनसक्ने बताए।

टीकापुर नगरपालिका-८ का वडाध्यक्ष दीर्घबहादुर ठकुल्लाले चिनी मिल सञ्चालकसँग समन्वय गरेर उखुखेती गर्न थालिएको बताए। उनी आफैले पनि उखुखेती सुरु गरेका छन्।

## कर्पोरेट

# 'शौर्य मिथिला लोक चित्रकला प्रतियोगिता' गर्दै शौर्य सिमेन्ट

**काठमाडौं (प्रस)–** शौर्य सिमेन्ट इण्डष्ट्रिज लि.ले यस वर्ष देखि आफ्नो व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत मधेस प्रदेश ( प्रदेश नं. २) लाई लक्षित गरी 'शौर्य मिथिला लोक चित्रकला प्रतियोगिता २०८०' ल्याएको छ। यस प्रतियोगितामा मधेश प्रदेशका १६ वर्ष भन्दा माथिका महिला वर्गहरू सहभागि हुन सक्ने छन्।




३ बिभिन्न चरणमा सम्पन्न हुने प्रतियोगिताको पहिलो चरणमा सहभगि महिलाहरूले आफ्नो विस्तृत जानकारी एवं आफ्नो एक चित्रकलाको प्रतिलिपी कम्पनीको वेभसाइट/फेसबुक पेजको क्यूआर कोट स्क्यान गरी फारम भरी बुझाउन वा उपलब्ध फारम डाउनलोड गरी आवश्यक सम्पूर्ण जानकारी उल्लेख गरी ह्वाट्सएप नं. ९८०२३३५५८५ मार्फत पनि पठाउन सक्नुहुनेछ। यसका साथै भरिएको फारम र आफ्नो चित्रकला गाउँपालिका/ न.पा मार्फत बुझाउन मिल्ने सुबिधा समेत मिलाईएको छ। फारम मंसिर ८ सम्म बुझाउन सकिनेछ।

फारम साथ उपलब्ध गराइएको चित्रकलाको आधारमा सहभागी मध्ये ७५ सहभागीहरू दोस्रो चरणको लागि चुनिने छन्। दोस्रो चरणमा प्रवेश गरेका समहभागीहरूले कम्पनिले उल्लेख गरेको विषयमा मिथिला चित्रकला क्यान्भासमा कोर्नु पर्ने छ। दोस्रो चरणको प्रतियोगिता शौर्य सिमेन्टको आफ्नो उद्धोग भित्र नै संचालन हुने छ। अन्तिम चरणका लागि ७५ सहभागी मध्ये उत्कृष्ट १५ सहभागीहरू चुनिने छन्। यस चरणमा सहभागीहरूले शौर्य सिमेन्टको उद्योगको भित्तामा मिथिला चित्रकला बनाउनु पर्ने हुन्छ। उनीहरूले बनाएको चित्रकलाको मूल्यांकन निर्णायक समितिद्वारा गरी सोही अनुरूप पुरस्कृत समेत गरिनेछ।

यस प्रतियोगिताको पुरस्कार स्वरूप प्रथम स्थान प्राप्त गर्नेलाई ७५ हजार, दोस्रो स्थान प्राप्त गर्नेलाई ५० हजार तेस्रो स्थान प्राप्त गर्नेलाई २५ हजारका साथै १२ जनालाई सान्त्वना स्वरूप हरेकलाई पाँच हजार उपलब्ध गराइने छ।

# नेपाली क्रिकेट टोलीलाई मेरिना इम्पेक्सको साथ



**काठमाडौं (प्रस)–** मेरिना इम्पेक्सले नेपालका क्रिकेट खेलाडीलाई प्रोत्साहन गर्न साथ दिने भएको छ। मेरिनाले विश्व कप क्रिकेटमा सहभागी खेलाडी तथा नेपाल क्रिकेट संघका पदाधिकारी गरी ४० जनाका लागि सुट प्रदान गर्ने भएको हो।

मेरिनाका सञ्चालक अर्जुन बस्नेतले सामाजिक उत्तरदायीत्व अन्तर्गत खेलाडीलाई हौसला मिलोस् भन्ने उद्देश्यले सहकार्यको हात अगाडी बढाएको बताए। त्यसका लागि बिहीबार क्यान र इम्पेक्सबिच सम्झौता भएको छ। सम्झौता अनुसार इम्पेक्सले खेलाडी र सदस्यलाई ४० थान सुट सहयोग गरिने भएको छ। विगत ४१ वर्षदेखि सर्टिङ सुटिङ क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएको मेरिनाले विभिन्न अवसरमा विशेष योजना सार्वजनिक गर्दै आइरहेको छ। इम्पेक्सले हाल न्यूरोड, बागबजार, गावाहाल पाटन र सामाखुशीबाट आफ्नो सेवा प्रदान गर्दै आइरहेको छ।

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो।
एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।
एक-आपसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रणः एक्प्रेस कलर प्रेस,  कार्यालयः काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com,  विज्ञापनका लागिः marketing2prabhab@gmail.com,  प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की,  सम्पादकः विष्णु तामाङ